*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२
e-mail: chinikajim@gmail.com
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७, ९८४१३६६५१४
**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघःटोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्बत् २५५८
नेपाल सम्बत् ११३४
इस्वी सम्बत् २०१४
बिक्रम सम्बत् २०७१

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly
**6th NOVEMBER 2014**

| वर्ष- ३२ | अङ्क- ७ | सकिमना पुन्हि | कार्तिक २०७१ |
|---|---|---|---|





जुन कामको फल भोग गर्दा आँसु बहाई पछुताउनुपर्ने हुन्छ, त्यस्तो काम सज्जनले नगर्नु नै बेश ।

पापको फल भोग गर्न नपरेसम्म मूर्खले आफूले गरेको खराब कामलाई मह जस्तो ठान्दछ । तर पापको फल भोग्नु पर्दा दुःखित हुन्छ ।

डाडुले तिहुन तरकारीको स्वाद थाहा नपाए झैं मूर्खजनले पनि जीवनभर पण्डितको सत्संगत गरेतापनि धर्मको मर्म बुझ्न सक्दैन ।

दुहुनासाथ दूध बिग्रंदैन । त्यस्तै पापको फल पनि तुरुन्तै आउँदैन । खरानीको आगोले क्रमशः पोले झैं पापले मूर्खलाई क्रमशः पोल्दै ल्याउँछ ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# पुण्य के हो र पाप के हो ?

शुद्ध चित्तले आफ्नो र अरूको भलो चिताई काम गर्नु नै पुण्य हो । दान, शील र भावना आदि गुणधर्मले युक्त भई कार्य गर्नु नै पुण्य हो । पुण्य कार्य गर्ने अवस्थामा राग, द्वेष जस्तो दुषित भावनाले धमिलीरहेको चित्त पनि एक छिनको लागि भएपनि सफा हुन पुग्छ । चित्त शुद्ध हुने अवस्थामा हाम्रो नशामा बगिरहने रगत समेत सफा हुन पुग्छ । रगत सफा भएको व्यक्ति निरोगी एवं दीर्घायु हुनेछ ।

तर स्वार्थयुक्त चित्तको बसमा गई आफ्नो फाइदा मात्र हेरी अरूलाई बाधा र हानी हुने काम गर्दा यसलाई पापको संज्ञा दिइन्छ । स्वार्थयुक्त दुषित चित्तले कार्य गर्दा हाम्रो नशामा बग्ने रगत समेत दुषित हुन पुग्छ । त्यसैले रिसाउने अवस्थामा जतिसुकै सुन्दर एवं रुपवान व्यक्तिको अनुहार पनि कुरुप हुन पुग्छ ।

समाजमा विभिन्न प्रकारका मानिसहरूलाई हामीले देखिरहेका छौं । कोही सुन्दर, कोही कुरुप, कोही हिसि परेका र कोही विसिद्धि स्वभावका । यस्तो हुनुको प्रमुख कारण पनि आ-आफ्ना कर्म नै हुन् भनी धर्म शास्त्रमा मात्र नभई भगवान् बुद्धले पनि भन्नु भएको छ । त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ– "भरसक कुरा गर्दा समेत अरूलाई दुःख नहुने तरिकाले कुरा गर्नु पर्दछ । दुषित चित्तले गरेको कार्य पुण्य हुन सक्दैन भने शुद्ध चित्तले गरेको कार्य मात्र पुण्य हुनेछ । पुण्यले भाग्य फल प्राप्त हुन्छ भने पापले दशा रुपी फल प्राप्त हुनेछ । त्यसैले मानिसहरू बीच कुराकानी हुँदा भन्ने गरिन्छ–

"फलाना कति भाग्यमानी रहेछ, अर्थात् उक्त व्यक्ति पुण्यवान् रहेछ । त्यस्तै फलाना कस्तो अभागी रहेछ अर्थात् उसले त्यस्तै पाप कार्य रुपी बीऊ रोपेर अरुलाई दुःख दिएर आएको होला, आदि, आदि ।

कर्मफल विषयमा बुझाउनको लागि बुद्धकालीन घटनाहरू थुप्रै प्रमाणको रुपमा भेट्टिन्छन् । ती घटनाहरूलाई यहाँ प्रस्तुत गर्न उचित देखिन्छन् ।

बुद्धकालिन समयमा लोसक नामक अरहन्त भिक्षुले कहिले पनि पेट भरि खाना खान पाएका थिएनन् । त्यसैले भिक्षु सारीपुत्रले उसलाई उहाँकै हातले एक एक गाँस गर्दै बच्चालाई खुवाए जस्तै खुवाउनु भएको थियो । अरुले खाना खुवाएमा मात्र उसको पेट भरिने रहेछ । उसले आफ्नो हातले खाना खाँदा त्यस खाना उसले पेट भरि खान नपाउने कर्मफल भोगिरहेका उक्त अरहन्त भिक्षुले पहिला अरहन्त हुन सक्ने गरी राम्रो कर्म पनि गरेर आएको रहेछ । कुकर्म गरेर आएको फलस्वरुप उसले आफ्नो हातले पेट भरि खान नपाउने फल भोगिरहेको रहेछ । त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ– "**कम्म विसयो अचिन्तयो**" अर्थात् कर्म र कर्मफल विषयमा यस्तो हुन्छ, त्यस्तो हुँदैन भनी कसैले पनि चिन्तन गर्न सक्दैन ।

यसरी नै भिक्षु सीवली भगवान् बुद्ध भन्दा पनि बढी लाभ सत्कार प्राप्त व्यक्ति हुनुभयो । त्यसैले राम्ररी भिक्षा प्राप्त नहुने स्थानमा भिक्षा जानुहुँदा भगवान् बुद्धले भिक्षु सीवलीलाई पनि साथमा लाने गर्नुभएको विषयमा पाली साहित्यमा उल्लेख गरेको पाइन्छ ।

पुण्यवान भिक्षु महाकाश्यप पनि लाभ सत्कार प्राप्त भिक्षु हुनुहुन्छ । एकपटक युवा व्यक्तिहरूको एक समूह जंगलमा बसी मालपुवा पकाई पिकनिक मनाइरहेको अवस्थामा उनीहरूले भिक्षु काश्यपलाई देख्ने वित्तिकै उहाँलाई मालपुवाको पोका नै उठाएर दान दिएको रहेछ । तर उनीहरूले काश्यप भन्तेसंग रहेका अन्य भिक्षुहरूलाई भने दान दिएनन् ।

बक्कुल नाम गरेको भिक्षु पनि त्यत्तिकै लाभ सत्कार प्राप्त भिक्षु हुन् भनी पुस्तकमा उल्लेख गरिएको छ ।

यसरी नै भिक्षु चुल्लपन्थ अरहन्त हुनु अगाडि गाथा (श्लोक) एउटा कण्ठ पार्नको लागि ४ महिनासम्म मेहनत गर्नुहुँदा पनि सफल हुनु भएन । त्यसो भएपनि पहिलो पुण्य पारमिको फलस्वरुप उहाँले अरहत्व फल प्राप्त गर्न सफल हुनुभयो ।

सोपाक नाम गरेको एक बालकलाई उसको सौतेनी बुबाले मार्ने नियतले स्मसानमा फालिएको लाससंगै बाँधेर राखे पनि उक्त बालकलाई केही भएन । उक्त बालकलाई भगवान् बुद्धले विहारमा ल्याई भिक्षु बनाइ दिनुभयो । पछि त्यही बालक अरहन्त भयो ।



Downloaded from http://www.dhamma.digital

घोषक नामक बालकलाई मार्नको लागि ७ पटक सम्म मिहेनत गरेपनि त्यस बालकको पूर्व पुण्यको प्रभावले मार्न सकेन । त्यही बालक पछि सेंठ बन्न सफल भए । यी घटनाहरू पाली साहित्यमा उल्लेखित छन् ।

यसरी नै कर्म सिद्धिरहेको अवस्थामा धर्म गरेर कर्म थप्न मिल्ने विषयमा पनि धार्मिक पुस्तकहरूमा उल्लेख गरिएको पाइन्छ । एक बालकको कर्म सिद्धिएको कारणले सातवर्षसम्म मात्र बाँच्ने छ भनी भविष्य वक्ताले भविष्यवाणी गरिदिएछ । त्यही बालकले अरुको उपकार हुने कार्य गर्नुका साथै आफ्ना मातापितालाई मन लगाई सेवा गर्दै ज्ञानी बनेको कुशल कर्मको कारणले धेरै वर्षसम्म बाँच्न सफल भए ।

त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ–

**"यादिसं वपते बीजं तादिसं हरते फलं,**
**कल्याणकारी कल्याणं पापकारी च पापकं"**

अर्थात् जस्तो बीऊ रोप्छ त्यस्तै फल पाउँछ । राम्रो नियतले राम्रो काम गरे राम्रै भाग्यरुपी फल पाउँछ । नराम्रो नियतले नराम्रो कार्य गरे नराम्रै दशा रुपी फल पाउनेछ ।

# धम्मपद–२८१

✍ **डा. रीना तुलाधर (बनिया)**
*'परियत्ति सद्धम्म कोविद'*

**यो दुक्खस्स पजानाति-इधेव खयमत्तनो**
**पन्नभारं विसंयुत्तं - तम हं ब्रूमि ब्राह्मणं**

*अर्थ*– जसले यसै जन्ममा आफ्नो दुःखको क्षय भएको बुझ्दछ, जसले गह्रुंगो बोकेको भारिलाई छोडीसकेको हुन्छ, जसको चित्तमा अशान्ति हुँदैन, त्यस्तालाई नै ब्राह्मण भन्दछ ।

*घटना*– उपरोक्त गाथा भगवान् बुद्धले जेतवन विहारमा बस्नु हुँदा कुनै एउटा ब्राह्मणको कारणमा भन्नु भएको थियो ।

श्रावस्तीमा एउटा ब्राह्मणको घरमा काम गर्ने एउटा दास थियो । त्यो दास कुनै शिक्षापद नपाउँदैमा घरबाट भागेर प्रव्रजित भए र पछि अरहत भए । ब्राह्मणले आफ्नो दासलाई खोजी हिंडे, तर भेटेन ।

एकदिन भगवान् बुद्ध नगर ढोका भित्र पसी भिक्षाटन आउनु हुँदा, भगवान् बुद्धसँगसँगै त्यो पहिले दास भएर आएका भिक्षु पनि आयो । ब्राह्मणले त्यो भिक्षु जो पहिले आफ्नो दास थियो उसलाई देखेर गएर उसको चीवर बेस्करी तान्न गयो ।

भगवान बुद्धले यो देखेर सोध्नुभयो– "ब्राह्मण, यो के गरेको तिमीले ?"

ब्राह्मणले– "भो भगवान् ! यो भिक्षु पहिले मेरो दास थियो ।" बुद्धले ब्राह्मणलाई सम्झाएर भन्नुभयो– "हे ब्राह्मण, यो भिक्षुले आफूले बोकी राखेको बोझ जम्मै फ्याँकी दिइसक्यो ।"

ब्राह्मणले "यो भिक्षुले बोझ जति फ्याँकी सक्यो" भनी बुद्धले भन्नुको आशय उनी अरहत भइसकेको भन्न लाग्नु भएको होला भनेर बुझेर फेरि सोधे– "त्यसो हो भन्ते ?"

बुद्धले भन्नुभयो– "हो ब्राह्मण ! यो भिक्षुले बोझ जति सबै फ्याँकी सकेका हुन् ।" यसरी आज्ञा भएर भगवान् बुद्धले उपरोक्त गाथा भन्नुभयो । धर्मदेशनाको अन्तमा त्यो ब्राह्मण स्रोतापति फलमा प्रतिष्ठित भयो ।

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| *२०७१ आश्विन–कार्तिक* | *बुद्धपूजा गर्नुहुने गुरुमांहरू* | *धर्मदेशना गर्नुहुने गुरुमांहरू* |
|---|---|---|
| आश्विन १६ गते, विहिवार, अष्टमी | वण्णवती | वीर्यवती |
| आश्विन २१ गते, मंगलवार, सिघःपुन्हि | क्षान्तीवती | धम्मवती |
| आश्विन २२ गते, बुधवार, कतिं पुन्हि | शुभवती | धम्मवती |
| आश्विन ३० गते, विहिवार, अष्टमी | अमता | त्यागवती |
| कार्तिक १ गते, शनिवार, संक्रान्ति | वण्णवती | केशावती |
| कार्तिक ६ गते, विहिवार, औंशी | अमता | केशावती |



Downloaded from http://www.dhamma.digital

# अग्र उपस्थापक आनन्द तथा भगवान् बुद्धको जीवनको अन्तिम समय

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

कुशीनारा अथवा आजकल कुशीनगर भनिने यो ठाउँ पूर्वकालमा अत्यन्त समृद्ध तथा उन्नतिशील ठाउँ थियो । भगवान् तथागतले पूर्वकालमा छ पटक यसै ठाउँमा आफ्नो शरीर त्याग गर्नुभएको थियो । सातौं पटक पनि तथागतको शरीर च्यूतीको लागि भगवान्ले यसै स्थानलाई रोज्नु भयो ।

त्यो वैशाख पूर्णिमाको रात थियो– भगवान् तथागतको आदेश अनुसार भिक्षु आनन्दले कुसीनगर वासी मल्लहरूलाई आजको रातको अन्तिम प्रहर पछि भगवान्ले शरीर त्याग्ने कुरा बताए । यो सन्देश नगर भरी तुरुन्त फैलियो । नगर वासीहरू, नगर वरिपरिका निवासी सबका सब भगवान्को अन्तिम दर्शन गर्न आए । कोही-कोही भगवान्को यति छिटो परिनिर्वाण हुनलाग्यो भनेर छाती पिटी-पिटी बिलाप गर्न थाले, कोही भूईंमा लडेर रुन थाले । नगर वासीहरू आफ्ना परिवार सहित यसरी आउँदा एकदम भीड हुनथाल्यो । आनन्दले यस्तो भीडलाई सुव्यवस्थित तरिकाले भगवान्को दर्शन गराउँदै गए र रातको प्रथम प्रहरमा नै सबैजनाले दर्शन गर्न भ्याए ।

**अन्तिम प्रव्रज्या – ब्राह्मण सुभद्र**

भगवान् तथागतको परिनिर्वाण हुने खवर यत्रतत्र फैलिंदै गए । कुशीनगरका एकजना परिब्राजक सुभद्रले पनि यो खबर सुने । उनी पनि भगवान्को दर्शन गर्न आए । उनले भगवान्सँग धर्म सिक्न चाहे, तर यस्तो अन्तिम अवस्थामा धर्म सिक्न नमिल्ने कुरा आनन्दले उनलाई भने । परन्तु सुभद्रलाई भने धर्म सिक्नु नै थियो । आनन्दले समय नदिए तापनि उनी अडिग भएर कराईरहे जब भगवान्ले यस्तो वार्तालाप सुन्नुभयो तब आनन्दलाई सम्बोधन गर्दै भन्नुभयो– आनन्द, रहन देऊ ! सुभद्रलाई नरोक्नु, उनले ज्ञानको कुरा नै सिक्न चाहेको हो यसबाट मलाई कुनै कष्ट हुनेछैन र म जुन उत्तर दिन्छु त्यसबाट तुरुन्त नै उनको कल्याण हुनेछ ।

तब आयुष्मान् आनन्दले सुभद्रलाई भगवान्सँग भेटेर धर्म सिक्ने आज्ञा दिए ।

सुभद्रले भगवान्संग सोधे– "हे गौतम ! पूरण कस्सप, मक्खलि गोसाल, संजय वेलट्ठपुत्त आदि आचार्यहरूले अनेक प्रकारका दावा गर्दछन्, के ती सत्य हुन् ।"

"सत्य होइन, सुभद्र ! ती दावाका कुरा नगर्नु । म जे भन्दैछु त्यसलाई राम्ररी सुन्नु र धारण गर्नु । सुभद्र, जुन धर्मबिनयमा आर्य अष्टाङ्गिक मार्ग छैन त्यहाँ न कोही प्रथम श्रमण (स्रोतापन्न), न द्वितीय श्रमण (सकदागामी) न तृतीय श्रमण (अनागामी) अथवा न कोही चोथो श्रमण (अर्हन्त) हुन्छन् । जुन धर्म मार्गमा आर्य अष्टांगिक मार्गको अभ्यास गरिन्छ त्यहाँ सोतापन्न, सकदागामी, अनागामी तथा अर्हन्त हुन्छन् । सुभद्र यहाँ, यस धर्म मार्गमा आर्य अष्टाङ्गिक मार्गको अभ्यास गरिन्छ । त्यसैले मेरो शासनमा स्रोतापन्न, सकदागामी, अनागामी तथा अर्हत भएका ब्यक्तिहरू छन् । सुभद्र, यदि ठीक तरिकाले ध्यान-भावनामा कोही ब्यक्ति लागेको छ भने यस लोकमा अर्हत ब्यक्ति कहिल्यै खाली हुँदैन ।

"अति उत्तम भन्ते ! अति उत्तम भन्ते ! कुनै उल्टो सामानलाई सुल्टा गरेको भैं, ढाकेको उघारिदिए भैं, बाटो बिराएकालाई बाटो बताईदिए भैं अथवा अँध्यारोमा बत्ती बालिदिंदा आँखा हुनेले देख्न सके भैं, भगवान् हजूरले धर्मलाई प्रकाशित गरिदिनु भयो । म भगवान्, धर्म तथा संघको शरणमा जान्छु । भन्ते ! मलाई प्रव्रज्या दिनुहोस्, उपसम्पदा दिनुहोस् ।"

"सुभद्र ! जो ब्यक्ति पहिला अन्यतैर्थिक (अर्को मार्गमा हिंडेको) छ र उसले यस धर्म मार्गमा पव्रज्या, उपसम्पदा चाहन्छ भने, उसलाई चार महिना परिवास (परीक्षार्थ वास) गर्नुपर्ने हुन्छ । चार महिना पछि यदि योग्य छ भने उनलाई प्रव्रजित गरिन्छ, उपसम्पन्न गरिन्छ ।"

"भन्ते ! यदि भूतपूर्व अन्यतैर्थिकहरूका लागि प्रव्रज्या, उपसम्पदा दिलाउन यस्तो नियम छ भने, भन्ते ! म चार वर्ष परिवास बस्छु । चार वर्ष पछि जसले मलाई योग्य ठान्छ उसले प्रव्रजित गर्नु ।"

भगवानले उनको श्रद्धा देखेर आनन्दलाई भन्नुभयो, "आनन्द ! सुभद्रलाई प्रव्रजित गर्नु ।"

"हुन्छ, भन्ते !" भनेर परिब्राजक सुभद्रलाई आयुष्मान् आनन्दले भन्नुभयो, "आवुस ! तिम्रो लाभ भयो, यहाँ तथागतको अगाडि तिमीले प्रव्रज्या पायौ ।"

सुभद्रले भगवानसँग प्रव्रज्या पाए, उपसम्पदा पाए । उपसम्पन्न भएपछि आत्मसंयमी बनेर धर्मको अभ्यास गर्दैरहे र एक समय सुभद्र अर्हत भए । उनी नै भगवानको अन्तिम शिष्य भए । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (तृतीय भाग)–८

✍ के.श्री धम्मानन्द

*अनुवादक*- मदनरत्न मानन्धर

संसारका हरेक सुसंस्कृत मानिसले आज बुद्धलाई बुद्धिमान गुरूका रूपमा मानेका छन् । बुद्धका अनुसार मानिसको सुखका लागि अन्धविश्वास र कट्टर सिद्धान्तले भरिएको कुनै 'वाद (धर्म) होइन बल्कि संसारको वास्तविक स्वभाव, कारण र त्यसको प्रतिफलको ज्ञानको आवश्यकता छ। जबसम्म यो जीवनलाई प्रकृतिको एक अपूर्ण रूपमात्र हो भन्ने कुरालाई बुझ्दैन, तबसम्म कुनैपनि व्यक्ति पूर्णरूपमा मुक्त हुन सक्दैन ।

बुद्धले यस विश्व जगतकाबारे नयाँ तरिकाले व्याख्या गर्नु भएको छ, त्यो हो– आध्यात्मिक सुख र परिशुद्धता प्राप्तिको नयाँ दृष्टिकोण । अनित्यताभन्दा माथिको नित्यता, संसारिक परिवर्तनहरूभन्दा माथिको निर्वाण प्राप्ति र जन्म मरणको चक्रबाट पूर्ण छुटकारा पाउनु नै बुद्धधर्म अनुसार मानिसको अन्तिम लक्ष्य हुन् ।

## कोही पनि पापी छैनन्

**बुद्धधर्मले कुनैपनि कार्यलाई केवल अनिपूर्ण र अकुशलमात्र मानिएका छन्, पापयुक्त होइनन् ।**

बौद्धहरू मानिसहरूलाई स्वभावैले पापी अथवा देवद्रोही ठान्दैनन् । प्रत्येक मानिस उच्च गुणले युक्त छन्, जसभित्र असलका साथसाथै खराब स्वभावहरूको पनि भण्डार छ । मानिसभित्र रहेको असल वा कुशल प्रतिभाले प्रस्फुटित हुने अवसरको सदा प्रतिक्षा गरिरहेको हुन्छ । एउटा भनाई छ– 'हामीभित्रमा खराबहरूमा धेरै असल पनि छन् र असलहरूभित्र धेरै खराब पनि छन्' ।

बुद्ध धर्मले के सिकाउँछ भने हरेक व्यक्ति, असल या खराब कामको लागि स्वयं जिम्मेवार छन् । प्रत्येकले आफ्नो भाग्य आफै निर्धारण गर्न सक्छन् । बुद्ध भन्नु हुन्छ– 'खराब कामहरू तिमी आफैले गरेका हौ, तिम्रा बाबु आमा वा साथीभाई वा नाताकुटुम्बले होइनन् र त्यसको दुःखदायी फल पनि तिमीले नै भोग्नु पर्छ' –(धम्मपद १६५)

मानिसको दुःख स्वयं निर्मित हो, यो पारिवारिक श्राप वा पुर्खाको पापको फल होइन । बौद्धहरू यस संसारलाई केवल परिक्षण स्थलमात्र हो भन्ने भनाईलाई स्वीकार गर्दैनन् । यो संसारलाई अति उच्च परिशुद्धता प्राप्तिको स्थल बनाउन सक्छौं र उच्च परिशुद्धता नै सुखको पर्यायवाची शब्द हो । बुद्धका अनुसार मानवीय जीवन भनेको कुनै दैवी शक्तिले श्रृष्टि गरेको एउटा प्रयोग होइन जुन त्यस शक्तिले चाहने वित्तिकै खतम पनि हुनेछ ।

यदि कुनै पापलाई माफ गर्न सकिन्छ भने, मानिसहरू यसको लाभ उठाएर झन्-झन् पाप गर्न उत्साही हुन्छन् वाह्य शक्तिको कृपाबाट कुनै पापी उसको पापको फल भोग्नबाट उम्कन सक्छ भन्ने विश्वास गर्ने कुनै कारण बौद्धहरू देख्दैनन् । यदि कुनै मानिसले अगेनामा हात हाल्छ भने उसको हात जल्छ नै, र संसारका सबै भक्तहरू मिलेर पनि उसको त्यो पोलेको दाग मेटाउन सक्दैनन् । यस्तै अवस्था खराब कार्यमा लाग्ने मानिसको पनि हुन्छ । बुद्धले बताउनु भएको 'दुःख र त्यसबाट मुक्ति' को शिक्षा पनि कुनै काल्पनिक वा अनुमानित मात्र होइनन्, प्रयोगसिद्ध तथ्यहरू हुन् ।

अरू धर्ममा व्याख्या गरेको जस्तो 'पाप' भन्ने कुरा बुद्ध धर्ममा छैन । बौद्धहरूका लागि पाप भनेको अनिपूर्ण र अकुशल कार्य हुन् । 'अकुशल कर्म' भनेको पाप हो र यसले मानिसलाई अवनतितर्फ डोऱ्याउँछ । अपराधी मानिस निर्बुद्धि वा अज्ञानी हुन् त्यसलाई दण्ड र तिरस्कार भन्दा पनि बढी सत्य उपदेश र शिक्षा चाहिन्छ । बुद्धधर्मले त्यसलाई ईश्वरको इच्छा उल्लंघन गर्ने वा ईश्वरसँग माफी माग्नु पर्ने व्यक्ति भनी ठान्दैनन् । उसलाई परिशुद्धता र सत्यज्ञान प्राप्तिको लागि सही निर्देशन वा पथ प्रदर्शन चाहिएको छ ।

कसैलाई पनि उसको आफ्नो गलत कार्य र त्यसको परिणाम आफू स्वयंले बेहोर्नु पर्छ भन्ने कुरा बुझाउनु नै प्रमुख आवश्यकता हो । त्यसकारण 'प्रायश्चित' (Confession) शब्द बुद्धधर्मका लागि अपरिचित हुन् ।

मानिसले गरेका 'पाप' लाई धुन वा सफा गर्न वा दण्ड दिन वा अपराधीहरूलाई नष्ट गर्नका लागि होइन बल्कि पाप अकुशल कार्य गर्नु मूर्खता हो र अपराधको फल बारे सतर्क गराउनका लागि नै यस संसारमा बुद्धको प्रादुर्भाव भएको हो । बौद्ध विश्वास अनुसार आध्यात्मिक उन्नतिको बारे शिक्षा र मार्गदर्शन गर्न सकिन्छ तर कसैले पनि कसैलाई डोऱ्याउन भने सकिदैन । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# महास्वप्न जातक-६

मूल पालि अनुवादक - **भिक्षु अमृतानन्द**
नेपाली अनुवादिका - **शरणशीला**



(७) सपना देखेको दृश्य- एउटा व्यक्तिले डोरी बाटी रह्यो ।
तर बाटिएको त्यस डोरी एउटा स्यालले चपाइरहेको दृश्य



अर्थ– कलियुगमा धेरैजसो महिला वर्गहरूको चरित्र भ्रष्ट हुनेछन् । उनीहरू आफ्ना श्रीमान्को आँखा छली श्रीमान्ले कमाएको धन खर्च गरी अर्को केटासँग रसरङ्ग गर्नेतर्फ लाग्नेछन् ।



Downloaded from http://www.dhamma.digital

(७) "भन्ते ! एक जना मान्छेले डोरी बाटेर खुट्टामुनि राख्यो । ऊ बसेको पिर्कामुनि एउटा भोकाएको स्याल थियो । त्यसले बाटेको डोरी जति सबै खाइदियो । यो सातौं सपना हो । यसको फल के होला ?"

"महाराज ! यसको फल पनि अनागतमै मिल्नेछ । अनागतमा स्त्रीहरू पुरूष-लोभी, रक्स्याही, अलंकार-लोभी, घुम्न जानेमा मात्रै मन दिने, वस्तु-प्राप्तितिर मात्रै लाग्ने, दुश्शील एवं दुराचारी हुनेछन् । घरका लोग्ने मान्छेहरूले खेतमा काम गरेर, गाईहरू पालेर मुश्किलले कमाइराखेको धन लिएर स्त्रीहरू परपुरूषसित जाँड, रक्सि खाएर, माला गन्ध विलेपन गरेर मज्जा गरी हिंड्ने छन् । घरका आवश्यक कामहरूप्रति पनि ध्यानदिने छैनन् । घरको पर्खालमा बसेर भए पनि अरू-अरू ठाउँबाट भए पनि आफ्ना नाठाहरूलाई चियाई रहने छन् । "भोलि खेतमा छर्नलाई चाहिन्छ" भनी राखेको धान समेत आजै खाई सिध्याउने छन्-पिर्कामुनिको भोको श्यालले डोरी खाए जस्तै । यसको कारणबाट पनि तपाईको केही हानि हुने छैन । आठौं सपनाको कुरा सुनाउनुहोस् ।"



*(८) सपना देखेको दृश्य- मानिसहरूले पानी नभएको खाली भाँडामा पानी नखनाई केवल पानी भरिसकेको भाँडामा पोख्ने गरी पानी खनाइरहेको दृश्य ।*

(८) "भन्ते ! राजद्वारमा धेरै रित्ता घडाहरूको बीचमा एउटा भरेको घडा देखे । त्यहाँ ४ वर्णका मानिसहरूले ४ दिशाहरू र ४ अनुदिशाहरूबाट पानी ल्याएर भरेको घडामा खन्याए । रित्ता घडाहरूलाई कसैले ध्यानसम्म दिएनन् । यो मैले देखेका सपनाहरूमध्ये आठौं हो । यसको फल के होला ?"

"महाराज ! यसको फल पनि अनागतमै पाउनेछ । त्यस समयमा लोकको अवनति हुनेछ । राष्ट्र सारहीन हुनेछ । राजाहरू गरीब (= कपटी) हुनेछ । ऐश्वर्यशाली व्यक्तिको ढुकुटीमा केवल १ लाख रूपियाँ हुने छन् । यस प्रकारले गरीब भएर उनीहरूले जनपदका सबै मानिसहरूलाई आ-आफ्ना कामहरू गराउन



Downloaded from http://www.dhamma.digital



*अर्थ– कलियुगमा पैशावाल व्यक्तिहरूले आफूलाई केही लाभ हुने कार्य गरिदेला कि भन्ने लोभी भावना राख्दै कलियुगका मानिसहरूले आफूले खाई नखाई कमाईराखेको धन ती पैशावाल धनाढ्य व्यक्तिहरूलाई पोषिराखेका हुन्छन् । तर गरीब खान नपाएका व्यक्तिहरूलाई भने केही दिइराखेको हुँदैन ।*

लगाउने छन् । पीडित जनताहरूले आफ्ना कामहरू छाडेर राजाको काममा लाग्ने छन् । पूर्व अन्न (= आषाढमा छर्नको लागि राखिएको धान) अपर अन्न (=श्रावणमा छर्नको लागि राखिएको धान) उनीहरूले नै छर्ने छन् । पालो बस्ने, धान काट्ने, डाँई गर्ने, ओसार्ने, उखु रोप्ने, यन्त्रहरू बनाउने र चलाउने, चाकु बनाउने आदि काम पनि उनीहरूले नै गर्ने छन् । अन्नहरूले राजाको भकारी भरी दिनेछन् । आफ्नो घरको रितो भकारी हेर्ने कोही हुने छैनन् । खाली गाग्रोमा नहेरी भरेको गाग्रोमा मात्र नअटाउने गरी पानी हालेको जस्तो हुनेछ । यसको कारणले पनि तपाईको केही हानि हुने छैनन् । नवौं सपनामा के भयो सुनाउनुहोस् ।" *क्रमशः*

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ छ वर्षको तपस्यालाई पनि व्यर्थ ठानी सिद्धार्थले तपस्यालाई त्याग गरिदिए । अनि बैशाख पूर्णिमाको दिन उरूवेला गाउँकी सुजाता नामक आईमाईले सिद्धार्थलाई वृक्ष देउता भन्ठानी क्षीर पात्र दान दिइन् । त्यही सिद्धार्थ कुमारको अन्तिम भोजन थियो र त्यही भोजन गरी उहाँले बोधिज्ञान प्राप्त गरेका थिए ।

★ सुजाताले दिएको क्षीर भोजन गरिसकेपछि सिद्धार्थले भोजन पात्र **नैरंजना** नदीमा खसालेका थिए । उक्त पात्र "काल" भन्ने नागको टाउकोमा परेकोले, उक्त नाग विपरित दिशातिर गएकोले, सुजाताको पात्र नदीको उल्टो दिशातिर बगेको थियो ।

*साभार- बौद्ध दर्पण*



Downloaded from http://www.dhamma.digital

## अनन्त ज्योति श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन–१७

*अनुवाद*– देवकाजी शाक्य

– १६४ –

– धर्मका कार्यकलापहरूले धर्मको प्रचारप्रसार गर्छन् ।
– धर्मका कार्यकलापहरू धर्मलाई शिक्षक भनेर व्यवहार गर्छन् ।
– धर्मका कार्यकलापहरू धर्मका नियमहरू पालन गर्छन् ।
– धर्मका कार्यकलापहरूमा आनन्दको अनुभव हुन्छन् ।

– १६५ –

– समानता विश्व सद्भावना हो ।
– आपसी सम्मान मानवीय सोचको केन्द्रविन्दु हो ।
– पर्यायवरण विश्वको नियम हो ।
– प्रकृतिको अर्थ जीवनको पूर्णता हो ।

– १६६ –

– करूणा आधारभूत हुन्छ । सद्अभ्यासमा निपुण होऊ ।
– करूणा बौद्ध सद्गुण हो ।
– दक्ष हुनुले सांसारिक मामलालाई सञ्चालन गर्ने तिम्रो बुद्धि प्रदर्शन गर्दछ ।

– १६७ –

– जेहन्दारी र खुल्ला हृदय व्यवसाय सफलताको लागि आवश्यक कुरा हुन् ।
– अविवेक प्रमुख अवगुणको स्वभाव हो ।
– सत्य ब्रह्माण्डको नियम हो ।
– व्यवस्था र अनुशासन सांसारिक प्रक्रियाको सिद्धान्त हो ।

– १६८ –

– गणितले ज्ञान र तर्कलाई एकत्रित गर्दछ ।
– दर्शनले ज्ञान र विवेकलाई जोडिदिन्छ ।
– विज्ञानले ज्ञान र विश्लेषणलाई एकावद्ध गर्दछ ।
– बुद्ध धर्मले ज्ञान र सम्बोधिलाई मिलाई दिन्छ ।

– १६९ –

– भ्रमबाट मुक्त हुनाले तिमी मानिससँग सुखपूर्वक रहन्छौ ।
– भेदभावबाट मुक्त हुनाले तिमी आफ्ना वरपरका वातावरणलाई शान्तपूर्वक स्वीकाछौं ।
– आसक्तिबाट मुक्त हुनाले तिमी खुसीपूर्वक काम गर्दछौ ।
– पाँच इच्छाबाट मुक्त रहनाले तिम्रो चित्तमा प्रसन्नता छाउँछ ।

*क्रमश:*

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

०१) आनी छोइङ्ग डोल्मा – रु. ११,७००/–
०२) Ven. Pollamure Soratha Maha Thera, Sudharmaramaya, Elagolla, Sri Lanka - Rs. 5,000/-
०३) Dhundup Lama, U.K. - Rs. 3100/-
०४) विकाशचन्द्र शाक्य, बनेपा-१० बाट स्वर्गीय आमा दिलमाया शाक्यको पुण्यस्मृतिमा – रु. ३०००/–
०५) पुण्य उदय विहार, जल, हरिसिद्धि – रु. २०२०/–
०६) विद्यासागर तुलाधर परिवार, धालासिको, काठमाडौं – रु. २०००/–
०७) अनगारिका वीर्यपारमिता पुचः, चापागाउँ भन्तेहरू तथा बालिकाहरूलाई भोजन तथा ग्यास १ थान प्रदान
०८) प्रकाशवीरसिंह तुलाधर, लाजिम्पाद, काठमाडौं – रु. १५००/–
०९) गौरीशङ्कर मानन्धर, बनेपा – रु. १५००/–
१०) चिनिशोभा कंसाकारको पुण्यस्मृतिमा – रु. १०१०/–
११) भक्तिमाया सैंजु, बनेपा – रु. १००५/–
१२) पासा पुचः यल बालिकाहरूलाई भोजन तथा रु. १०००/–
१३) दियेशरत्न शाक्य परिवार, बनेपा – रु. १०००/–
१४) केशचन्द्र शाक्य, बनेपा-१० – रु. १०००/–
१५) बुद्धभक्त रञ्जित, बनेपा – रु. १०००/–
१६) देवनारायण मानन्धरको स्मृतिमा, पकनाजोल – रु. ५००/–
१७) रत्नदेवी मानन्धर, पकनाजोल – रु. ५००/–

**आजीवन वार्षिक भोजन प्रदान गर्ने दाताहरू :**

१८) रोशनी तुलाधर, असन स्व. श्रीमान दीपकरत्न तुलाधर को पुण्यस्मृतिमा रु. १५,१००/–
१९) ज्ञानरत्न ताम्राकार, बल्खु स्व. नीलरत्न ताम्राकार, स्व. दानमाया ताम्राकारको पुण्यस्मृतिमा रु. १५,०००/–
२०) पद्यहेरा ताम्राकार, प्रज्ञारत्न ताम्राकार, भोंसिको, स्व. बुबा बुद्धिरत्न ताम्राकार, स्व. आमा रत्नदेवी, स्व. दाजु त्रीरत्न ताम्राकारको पुण्यस्मृतिमा रु. १५,०००/–
२१) गङ्गा सिलाकार परिवार, चपली; स्व. श्रीमान् ईश्वरमान सिलाधारको पुण्यस्मृतिमा रु. १५,०००/–
२२) सानुनानी कंसाकार, क्षेत्रपाटी, स्व. आमा आशामाया कंसाकार, स्व. बुबालक्ष्मी वीरसिं कंसाकार, दिदी लक्ष्मीनानी कंसाकारको पुण्यस्मृतिमा रु. १६,०००/–
२३) अञ्जली, जीनी, रियाज शाक्य परिवार, बनस्थली, बालाजु; स्व. श्री कृष्णमान शाक्यको पुण्यस्मृतिमा रु. १५,०००/–
२४) प्रतिमा मानन्धर, बनेपा स्व. बुबा आशाकाजी मानन्धर ज्यूको पुण्यस्मृतिमा रु. १५,०००/–



Downloaded from http://www.dhamma.digital

# बुद्धको मैत्री भावना

✍ घनश्याम राजकर्णिकार

बुद्ध धर्ममा मैत्री भावनाको ठूलो स्थान छ । सबै प्राणीलाई मित्र समान सम्झनु नै मैत्री भावना हो । बुद्ध भन्नुहुन्छ– जब कसैले सम्पूर्ण जगतलाई मित्रको नजरले हेर्छ त यसको मतलब यो होइन कि सम्पूर्ण जगत उसको मित्र भयो । यसको मतलब यही हुन आउँछ कि उसको हेराईमा परिवर्तन भयो । ऊ स्वयं परिवर्तित भयो । उसको व्यवहारमा जगत मित्र भयो । यसको मतलबव यो होइन कि अब कसैले उसँग शत्रुता गर्ने छैन । हो, अरूले ऊसँग शत्रुता गर्लान् तर यसबाट उसको मनमा कुनै क्लेश हुँदैन, कुनै दुर्भावना हुनेछैन ।

बुद्धको समयमा सबल मैत्री भावनाको विकासमा अनेक भिक्षुहरू लागे । तिनीहरू आ-आफ्नो तरिकाले पारगंत पनि भए । स्वयं बुद्धसँग सम्बन्धित एउटा प्रसङ्गलाई उल्लेख गर्नु म सान्दर्भिक ठान्दछु ।

एकदिन भगवान् बुद्धले एउटा गाउँमा आफ्ना केही भिक्षुहरूसँग हिँडिरहनु हुँदा एकजना मानिसलाई मलमुत्र भएको एउटा थोत्रो ढ्वाङ बोकेर गइरहेको देख्नुभयो । उसको कपडा फोहोर मैलो थियो, दुर्गन्धयुक्त थियो । त्यो मानिसप्रति बुद्धको करुणा र मैत्री भावना जाग्यो र उसको पछिपछि बुद्ध लागे । आफ्नो पछिपछि आइरहको भिक्षुलाई बाटो छाडिदिन एकातिर छेउ लागेर उभिए । भिक्षुहरूलाई छोएमा आफूबाट अक्षम्य अपराध हुनेछ भन्ने कुरामा ऊ सजग थियो । तर तथागत बुद्धले उसलाई छोडेको होइन । झन् उसको सम्मुख गई बुद्धले भन्नुभयो– "तिमी किन म देखि परपर गई अलग हुन खोजेको ? आऊ नजिक आऊ, म तिमीसँग केही कुरा गर्न चाहन्छु ।"

ती मानिसले फोहोरको ढ्वाङ भुईंमा राखे र हात जोड्दै भने– "म हजुरको अगाडि आउने साहस गर्न सक्तिन । म अछुत हुँ प्रभु । हजूरहरूलाई अपवित्र गर्न चाहन्न ।"

बुद्धले भन्नुभयो– "तिम्रो नाम के हो मित्र ?"

उसले भन्यो– "प्रमु, मेरो नाम सुनित हो ।"

बुद्धले भन्नुभयो– "कस्तो राम्रो नाम तिम्रो । हेर सुनीत, हाम्रो मार्गमा जातिपातिको कुनै भेदभाव हुँदैन । तिमी पनि हामी जस्तै मान्छे हौ । तिमीलाई छोएर हामी अपवित्र कदापि हुँदैन । हो लोभ, घृणा, मद्‌मात्सर्यले चाहिँ हामीलाई अपवित्र पार्न सक्छ । तिम्रो श्रद्धायुक्त मन देख्दा मलाई आनन्द लागिरहेको छ । तिमी पनि चाहेमा हामी जस्तै बन्न सक्छौं । आऊ सुनीत, यदि हामी जस्तै भिक्षु बन्न चाहन्छौ भने म तिमीलाई प्रव्रज्या गर्न तयार छु ।

"भन्ते, मैले भनि हालेँ – म अस्पृष्य (अछुत) हुँ । त्यसैले म भिक्षु बन्न सक्तिन । प्रभुलाई म अपवित्र पार्न चाहन्न । प्रभु ! मलाई क्षमा गरिदिनुस् । म लाचार छु ।"

"सुनीत, मैले तिमीलाई भनिहालेँ, हाम्रो सम्बोधि मार्गमा जातिपातिको कुनै स्थान छैन । जसरी गङ्गा, यमुना, रोहिणी नदीहरू समुन्द्रमा मिसिएपछि तिनीहरूले आ-आफ्नो अस्तित्व गुमाउँछ, त्यस्तै जो मानिसले आफ्नो गृह त्यागेर सद्धर्मको मार्ग अपनाउँछ, उसले आफ्नो जन्मजात चाहे त्यो उच्च होस् वा अछुतो, त्यसबाट छुटकारा पाउँछ र उसले केवल एउटै जात अर्थात् भिक्षु जीवन अपनाउँछ । त्यसैले तिमीले चाहेमा तिमी भिक्षु जीवन अपनाउन सक्छौ ।"

बुद्धको यस्तो करूणा र मैत्री भावनाका अभिव्यक्ति सुनेर सुनीत रोमाञ्चित भए र उसले यस्ता महान आत्माको सानिध्यमा जीवन बिताउन पाउनु भनेको सर्वाधिक प्रसन्नताको अवसर ठाने । "यदि प्रभुले मलाई शिष्य बनाउनुभयो भने मेरा समस्त चेतना प्रभुको दिशा निर्देशनमा समर्पित गर्नेछु" भनी भगवान् बुद्ध समक्ष सुनीतले आफ्नो प्रफुल्लता व्यक्त गरे । बुद्धले तत्कालैसँगै उपस्थित सारीपुत्रलाई सुनीतको हात थमाउँदै नजिकैको नदीमा लगि नुहाई धुवाई गराएर ल्याउनु भन्नुभयो र भिक्षु आनन्दबाट चीवर मगाउनुभयो । त्यही दिनमा नै बुद्धले सुनीतलाई प्रव्रज्या गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

केहीदिन भित्रै राजधानी श्रावस्तीमा एक जना अस्पृष्य (अछुत च्यामे)लाई बुद्धले प्रव्रज्या गर्नुभयो भन्ने खवरको लहर एक कान दुई कान हुँदै मैदान भई छाड्यो। यसले गर्दा उच्च जातका मानिसहरूमा खलबली मच्चियो। कौशल राज्यको इतिहासमा अहिलेसम्म कुनै अस्पृष्यलाई धार्मिक सम्प्रदायमा यसरी समाहित गरिएको थिएन। पवित्र परम्परालाई बुद्धले तोडे भन्दै निन्दा चर्चा हुनथाल्यो। हुँदा हुँदा धार्मिक गुरुहरूले राजा प्रसेनजितसँग भेटेर बुद्धको यस्तो कार्यको निन्दा गरे। राजाले बुद्धप्रति भक्तिभाव राख्दा राख्दै धर्मगुरुहरूको आपत्तिहरू माथि विचार गर्छु भनेर पठाए। भोलिपल्ट राजा स्वयंम् बुद्धलाई भेटेर कुरा गर्न जेतवन विहारमा गए। जेतवन विहार भित्र शान्त, सौम्य र पवित्र वातावरणले उनलाई राम्रो प्रभाव पार्दै थियो। बुद्धले राजालाई आफ्नो कुटी बाहिरै स्वागत गरे। बुद्धले राजाको आगमनबारे अनुमान गरिसक्नु भएको थियो। उहाँले भिक्षु सुनीतलाई डाकी राजा समक्ष प्रस्तुत गर्नुभयो। पहिलेको च्यामे सुनीत र अहिलेका भिक्षु सुनीतमा आकाश जमिन फरक भै सकेको थियो। उसको मुख मण्डलमा अहिले शान्ति, सौम्य र विद्वताको झलक स्पष्ट देखिन्थ्यो। परिवर्तित सुनीतलाई देखेर राजा छक्क परे। राजाले केही बोल्न अघि नै बुद्धले भन्नुभयो– “राजन ! यी भिक्षु सुनीतलाई भेट्नुस्। पहिले यिनी अछुत च्यामी थिए। केही हप्ता अघिदेखि मात्र यिनी भिक्षु बनेका हुन्। प्रव्रजित भएको दिनदेखि यिनी बडो निष्ठापूर्वक आफ्नो साधना-अभ्यासमा जुटेका छन्। यिनी अत्यन्त समझदार र दृढ संकल्पी छन्। यिनले छोटो समयमै श्रेष्ठता र शुद्ध हृदयताको राम्रो परिचय दिएका छन्। यिनले गरेको प्रगति प्रशंसनीय र अनुकरणीय छ। यिनी देखि म साह्रै सन्तुष्ट छु।”

बुद्धको यस्तो वाणी सुनी राजा प्रसेनजित बडो उल्झनमा परे। अछुत सुनीत छोटो समयमै यस्तो होला भनेर उनले कल्पना नै गरेका थिएनन्। उनले हात जोड्दै भने– “पुज्य गुरुवर ! हजूर अद्भूत हुनुहुन्छ। हजूर जस्ता उच्च आध्यात्मिक पुरुषलाई मैले अहिलेसम्म भेट्न पाएको छैन। वस्तुतः तपाईंले एकजना अछुत च्यामेलाई आफ्नो पवित्र संघमा किन र कसरी प्रवेश गराउनु भएको भनेर म आज सोध्न आएको हुँ। तर त्यसको सही उत्तर मैले पाएँ। आफ्नै आँखाले देखेँ र आफ्नै कानले सुनेँ। अब म यस्तो प्रश्न गर्ने साहस गर्दिन। हजूरसमक्ष नतमस्तक छु।”

बुद्धले प्रेमपूर्वक राजाको हात समात्दै भन्नुभयो– “राजन ! आत्म मुक्तिको मार्गमा कुनै भेदभाव हुँदैन। धार्मिक चेतना जागृत भएपछि हामीमा मैत्री भावना राम्ररी सलबलाउँछ। मैत्री भावनामा सबै समान हुन्छ, सबैमा बन्धुभाव विकसित हुन्छ। यस्तो अवस्थामा कुनै भेदभाव हुँदैन। अर्थात् ठूलो सानो, धनी गरीब, विद्वान मूर्ख ब्राह्मण छुद्रको कुनै रेखाङ्कन हुँदैन। यही मैत्री भावनाले हामीलाई के अवगत हुन्छ भने हरएक मानिसको रगत रातो हुन्छ, हरएक व्यक्तिको आँशु नुनिलो हुन्छ। किनभने हामी सबै समान हौं। त्यसैले समाज आत्मोन्नत्तिको प्रत्येक सम्भावनाहरूबाट बञ्चित सुनीतलाई मैले भिक्षु संघमा सम्मिलित गराएको हुँ।”

राजाले हात जोड्दै भने– “प्रभु ! म बुझ्छु। हजुरको प्रत्येक क्रियाकलापमा मेरो कति पनि शङ्का उपशङ्का छैन। मलाई थाहा छ– हजुरले जुन मार्ग चुन्नु भएको छ त्यसमा बाधा व्यवधान र संकटहरू अवश्य आउने छन् तर आइपर्ने विघ्न बाधाहरूसँग सामना गर्ने शक्ति र साहस हजुरमा यथेष्ट छ। प्रभु ! म आफ्नो तर्फबाट हजुरको सत्य शिक्षाको समर्थनको लागि आफ्नो शक्ति सदुपयोग गर्न तत्पर छु।”

राजाको यस्तो कुरा सुनेर बुद्ध शान्त भावले मुस्कुराउनुभयो। त्यसपछि राजाले बुद्धको आशिर्वाद लिएर प्रफुल्ल हुँदै बिदा लिएर गए।

यसरी तथागत बुद्धले प्रतिपादन गर्नुभएको मैत्रीभावनाको महत्ता उपर्युक्त प्रसङ्गबाट प्रष्टिन्छ। साँच्चै बौद्ध दर्शमा मैत्रीभावनाको स्थान अपरिमेय रहेको तथ्य बौद्ध वाङ्मयको साधारण अध्ययनबाट नै छर्लङ्गिन्छ भन्ने मैले यहाँ भनिरहनु नपर्ला। ❖

**अलिकति पाप गरेर के होला भनेर नसम्झनु, एक-एक थोपा गरेर पानीले गागरी भरे झैं मूर्खजनले पनि अलि-अलि गरेर पाप थुपार्छ। – बुच वचन**



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो



*जन्म :*
*१९९१ मंसीर द्वादसी*

*दिवंगत :*
*२०७१ आश्विन ५ गते आइतवार*

# दिवंगत रेसमान तुलाधर

जिमि पूज्य **बाः रेसमान तुलाधर** २०७१ आश्विन ५ गते आइतवार दिवंगत जुयादिल । अनन्त गुणं सम्पन्नम्ह जिमि बाः या सुगति व निर्वाण कामना यासे मैत्रीपूर्वक पुण्यानुमोदन याना च्वना ।

| *म्ह्याय्पिं / जिलाजंपिं :* | *छ्य्पिं :* |
|---|---|
| **सुशीला / प्रकाश ताम्राकार** | **सुगत ताम्राकार** |
| **उर्मीला / रत्नकाजी ताम्राकार** | **सोरभ ताम्राकार** |
| **अनीला / चन्द्रधर तुलाधर** | |

| *भिन्चापिं :* | *भिन्चा भौपिं :* | *भिन्चा जिलाजंपिं :* |
|---|---|---|
| – | पद्मशोभा कसाः | – |
| – | चिनीशोभा कसाः | – |
| – | सुशीला तुलाधर | – |
| गुलाबशोभा ताम्राकार | – | – |
| मिथाईकाजी | केशरी कसाः | – |
| युरीकाजी | रेणुका कसाः | – |
| सुलोचना | सुशीला कसाः | – |
| पन्नारत्न | गौरी सिन्दुराकार | – |
| मीना हेरा | – | योगमान स्थापित |
| मणिरत्न | प्रमिला सिन्दुराकार | – |
| रत्नराज्यलक्ष्मी | – | प्रकाश ताम्राकार |
| पूर्णलक्ष्मी | – | प्रमोद स्थापित |
| अमृत ज्योति | नन्दा सिन्दुराकार | – |

**ससः मुमा रत्नशोभा स्थापित**

| *ससः किजापिं :* | *ससः भौपिं :* |
|---|---|
| – | मैंया स्थापित |
| प्रेम | सुनीता स्थापित |
| माइला | पटना स्थापित |
| रमेश | उज्ज्वलतारा स्थापित |
| चिनीया | पद्मा स्थापित |
| राजु | सानु स्थापित |

| *ससः क्येहेंपिं :* | *ससः जिलाजंपिं :* |
|---|---|
| छोरी तुलाधर | – |
| निरन कमल | कमल स्थापित |
| सरला | सम्पूर्ण तुलाधर |
| सरीता | बाबुराजा ताम्राकार |
| अनिता | रदिन्द्र |



Downloaded from http://www.dhamma.digital

# "जिगु लुमन्तिइ यँ देय् – म्हिगःव थौं" स्वये धुंकाः

*सह प्राध्यापक*- **मदनरत्न मानन्धर**

हनेबहःम्ह भाजु दिवंगत तीर्थनारायण मानन्धर (ने.सं. १०४३–११२८) जुं च्वयादीगु थुगु सफू 'नेपाल भाषा परिषद्या लुखां' ने.सं. ११२७ (वि.सं. २०६४) स पिदंगु खः ।

वय्कः मानन्धरजु थःगु इलय् थीथी थासय् व संघसंस्थाय् तसकं सक्रिय जुयादीम्ह छम्ह हनेबहःम्ह न्ह्यलुवाः खः धयां उप्वः खँ जुइमखु जुइ। वय्कःया जन्म ने.सं. १०४३ (बि.सं. १९८०) स येँय् जूगु सी दु। चय् स्वदँया ज्याथः उमेरय् २०६३ सालं च्वयेगु शुरु यानाः २०६४ सालं पिदंगु थुगु सफुतिई उवलय्या यँ देय् व आःया यँ देय्या तुलनात्मक किपा ब्वयेगु वयकलं कुतः याना दीगु भ्वलय् यँ देय्या खड्ग आकार लिसें थीथी ऐतिहासिक व रोचक तथ्यत नं न्ह्यब्वयादीगु दु ।

न्हापाया असं बजाः, यँ देय्या ल्वहं हिति, ९० सालया तःभुखाय् लिसें नेपालय् बुद्धधर्मया तत्कालीन गतिविधि नं थुगु सफुःतिइ न्ह्यब्वयादीगु दु। उकिया हे भ्वलय् छुं भचा मिलये मजूगु खँ थन उलेगु कुतः जूगु दु। गथेकि–

१) ताहागल्ली (धरहराया क्वय्च्वंगु) यात 'चल्चा गल्लि' (पृ. ६) धयादिल। चल्चा गल्लि धयागु छत्रपातिइ जे.पी स्कूलं सातघुम्ति वनीगु गल्लियात धाइगु खः ।

२) वि.सं. २००१ साल श्रावण ११ गते च्याम्ह भिक्षुपिं ..... ..... ..... ....... पितिना छ्वःगु खः । (पृष्ठ ९४)। वास्तवय् थ्व तिथि सम्बन्धय् आपालं विवाद खनेदु। गथेकि आर.वि. वन्द्यजुं २००० साल श्रावण १५ च्वया दीगु दु। (संघमहानायक भदन्त प्रज्ञानन्द महास्थविर या जीवनी २०४३, पृष्ठ २१५) अथे हे 'बौद्ध दर्पण' पृष्ठ १६६ य् नं थ्वहे तिथि दु (प्रकाश बज्राचार्य)। भिक्षु धम्मालोक महास्थविर जुं थःगु 'Pilgrimage to Great China' सफुतिई '10th day of the fair half of the month of Sravan of 2000 Vikram Era' च्वयादीगु दु (पृष्ठ १२७, १९८०)

मय्जु लोचनतारा तुलाधरजुं थःगु सफू 'धम्मचारी गुरुमां - किन्द्रः बहाः निसें निर्वाणमूर्तितक' (२००६) स 'थ्वई वि.सं. २००१ साल श्रावण १५ गते' धकाः च्वयादिल (पृष्ठ ३३) । थुगु हे सफुतिई दुथ्याःगु लितँसा-३ स विन्तिपत्रय् तिथि २००१ साले श्रावण महिना गुंलागा १५ गतेस च्वयातःगु खनेदु (पृष्ठ ९६) (तर मुख्य अंश व तिथिया आखः ग्वः तसकं पाः) । जबकि २००१ साल श्रावण १५गते गुँलाथ्व लाः, गुँलागाः मखु । तर २००० साल श्रावण १५ गते गुँलागाः लाः, उकिं थ्व तिथि २००१ साल मखस्ये २००० साल हे जुइमाःथें च्वं ।

(३) 'नेपालय् विपश्यनाया प्रवेश' शिर्षक अन्तर्गत न्ह्यब्वयातःगु तिथिमिति आपालं पाः । दक्कलय् न्हापां सन् १९८४ सालय् वय्कः (सत्यनारायण गोयन्काजु) पाखें आनन्दकुटी विहारय् विपश्यना ध्यान शिविर चले यागु खः (पृष्ठ १०७)। थ्व १९८४ स मखु १९८१ स खः (२०३७ साल, चैत्र - बौद्ध दर्पण, पृष्ठ १६९) (विपश्यना पत्रिका, वर्ष ३०, अङ्क ६/७, २०७० आश्विन/कार्तिक, पृष्ठ ६)।

'आनन्दकुटी विद्यापीठ स्कूलय् निदँतक दँय् छकः ध्यान शिविर तयेगु जुयाच्वन' धयातः थाय् स्वदँ (१९८३, १९८४ व १९८५) तक शिविर सञ्चालन जूगु खः (विपश्यना, पृष्ठ ६) (उगु पत्रिकाय् १९८३ यागु बुढानीलकण्ठ स्कूल धयातःगु नं मिलये मजू, आनन्दकुटी विद्यापीठ स्कुलय् खः)।

'अनं लिपा बुढानीलकण्ठ स्कूलय् नं शिविर न्ह्याकेगु ज्या जुल' धयादीगु नं पायुछि मखु। बुढानीलकण्ठ स्कुलय् निक्वःगु शिविर सन् १९८२ सञ्चालन जूगु खः, गुगु आनन्दकुटी विद्यापीठय् स्वयाः न्ह्यः हे खः ।

(४) 'गोयन्का गुरु नेपालय् बिज्याये सिबे न्ह्यः येँया श्रीधःया धर्मकीर्ति विहारय् धम्मवती गुरुमांपाखें बर्मा बिज्याःम्ह अनागारिका गुरुमांजुं न्हि घौछि निगू स्वंगू वाःतक ध्यान स्यना बिज्याःगु खः' धयागु उल्लेख जूथाय् (पृष्ठ १०८), उम्ह बर्मा बिज्याःम्ह गुरुमां दो पञ्जाचारी (२०३६ भाद्र) खः धकाः स्पष्ट याना च्वना। (धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २५ वर्ष, सं. रीना तुलाधर, पृष्ठ ६२, २०५३ वि.सं.)

(५) पृष्ठ १६१ स धमां साहूयात 'धर्मरत्न' धयादिल, वास्तवय् 'धर्ममान साहू' जुइमाःगु खः ।

(६) 'वैवाहिक जीवनय् जि' शिर्षक अन्तर्गत भिँनिदँति दुबलय् १९९८ सालय् ब्याहाः याना ब्यूगु उल्लेख दु, जबकि वय्कःया जन्म १९८० सालय् जूगु जुसेंलि भिँच्यादँया बैशय् ब्याहाः जूगु खने दु।

सफुतिइ ऐतिहासिक दस्तावेजत यक्वं दुगु जुयाः अन्वेषण, अनुसन्धान याइपिन्ततकं यक्वं ज्यावये फुगु खने दु। ❖



Downloaded from http://www.dhamma.digital

# A Nepalese Monk in America

**by Ven. Sumanakitti**
Shree Kirti Vihar, Kirtipur

Whenever I arrive in this beautiful capital city of New England, Boston, I always have endless stories to share. However, the most interesting and what impressed me was just a few things that happened recently at South Station. There was a man dressed like a gentleman with plain black waistcoat and a black bow tie. I have no doubt- obviously he is a good man. He came to say hello to me as soon as I got out of my friend's car. He spoke to politely that I immediately trusted him (Even though I Had no idea who was he !). He seemed in a hurry to catch a train. Finally, he ended up asking for money from me. My friend and I just looked at each others' face with puzzled.

Two days ago, I came out of the subway at South Station while I was heading to the restroom. I saw a man probably in his sixties sitting right next to the door outside of the building. I felt to much pity for him because it was freezing cold (temperature could be below 5 degree celsius). I saw him holding a placard; it says, "I Need Food." Immediately, I picked out a banana from my backpack and went to give him. He said, "I can't eat a banana." He refused to take it and he showed me that he had an orange in his pocket.

A moment later, while I was waiting for my friend to pick me up from the station, one guy with a backpack came to greet me. He began to recite his life story and said that he had been sleeping on the street for two nights already, and now his sister allowed him to stay with her for a while in somewhere around western mass. But he was in need of 10 more bucks to make his journey to his destination. I told him that I don't have 10 dollar bills. He said, "You can change it at coffee shop." I could see him shivering a bit because of the cold weather and I didn't want to see him standing out there any longer (cause of suffering). I wanted to help him, and I happended to find some dollar bills and coins left over in my backpack. So immediately I handed him $10. He just said, "Thank you man." Then, he disappeared right away.

Another day (Mar 12) at the South Station, a man came to approach me while I was heading to the subway. Initially I didn't look at him but he came to stand right in front of me and he said, "Do you speak English?"

I said, "A Little."

"Can you help me ?" he asked me.

"Sure, how can I help you ?" I said.

He showed me twenty bucks in his hand and said, "Look, I have $20 but I need to go to Vermont, so I need another extra $11 to buy a ticket. Can you help me please ?"

"How much does it cost for a ticket ?" I asked him.

"It cost $31 dollars." he said.

It seems he desperately needs money and I told him, "I don't have $11 dollars cash right now but if you really want, I can buy you a ticket. Follow me; I will take you to the ticket counter." After a few steps, he said, "I don't feel comfortable man ..." He disappeared straight away !

A sweeper, a lady from Guatemala who was watching us from the beginning asked me if I gave him any money. I said no and she told me to not give a penny to people around here. Furthermore, she said, "I'm poor but work for a living. They are lazy and want quick money." These words were roaming in my mind on the way back home. What a story ! Whatsoever, I used to call them beautiful beggars.

However, wandering from one place to another and compassionate actions along the way you go, bring us happiness. Thus, the Tathagata, the Buddha addressed the bhikkhus: "Caratha Bhikkhave Carikam Bahujana Hitaya Bahujana Sukhaya ..." which means, "Go forth, Oh (young) monks, for the benefit of many, for the happiness of many, out of compassion for the world, preach them the Dhamma, which is beautiful in the beginning, beautiful in the middle, and beautiful in the end." ❖



Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्म :*
*२००० कार्तिक*

*दिवंगत :*
*२०६९ कार्तिक २७*

# दिवंगत नारायणदेवी रञ्जित

अनन्त गुणं सम्पन्नम्ह जिमि जन्मदाता **मां नारायण देवी रञ्जित** मदुगु निदं दत । जिमि मां न्ह्याथाय् जन्म जूसां जाती, जरा, व्याधी व मरणं मुक्त ज्वीफइगु बुद्ध शिक्षा प्राप्त याय्‌गु हेतु चूलायमा धकाः मैत्री पूर्वक पुण्यानुमोदन यानाच्वना ।

*कायूपिं / भौपिं :*

**अमरदीप / निशा रञ्जित**
**अमर ज्योती / नीता रञ्जित**

*म्ह्यायूपिं / जिलाजंपिं :*

**सरीता / ज्ञानुराजा रञ्जित**
**सबिता / ओमकृष्ण कर्माचार्य**
**संगीता / राजेन्द्र सागर रञ्जित**
**समीता / उद्धबलाल रञ्जित**

*छ्र्ययूपिं :*

**सुगेश, संजय, सबिन, अटुल, दिब्य ज्योती,**
**आर्यदीप, सौरब, उत्सब, उपमा, निस्था, नसना ।**



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## अनङ्ग सुत्त विषयमा छलफल

*२०७१ ज्येष्ठ ३१ गते*

*स्थान- धर्मकीर्ति विहार, श्रीघः नघः*

यसदिन धर्मकीर्ति अध्ययन गोष्ठीको शनिवारिय कक्षामा उर्मिला ताम्राकारले "अनङ्ग सुत्त" विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो– "अनङ्ग सुत्त" मज्झिम निकाय अन्तर्गत रहेको सूत्र हो, यस सूत्र भिक्षु सारीपुत्रले भगवान् बुद्धको आज्ञानुसार अन्य भिक्षुहरूलाई सम्बोधन गरी बताउनु भएको सूत्र हो ।

अनङ्गको अर्थ क्लेशयुक्त विचार हो । हाम्रो चित्त स्वभावैले परिशुद्ध, प्रभाश्वर र निर्मल छ। तर चारौंतर्फको अकुशल चेतसिक र चित्तमलको कारणले हाम्रो चित्तलाई मलिन पारी आफ्नो स्वच्छ चित्तको स्वभावलाई ढाकीराखेको हुन्छ । जसले गर्दा हामीले आफ्नो निर्मल चित्तलाई देख्न पाइरहेको हुँदैन ।

संसारमा चारप्रकारका पुद्गलहरू छन्–

(१) क्लेश युक्त विचार आफूसंग भएपनि यसलाई महसूस गर्न नसक्ने व्यक्तिहरू । यिनीहरूले आफूसँग भएको क्लेशयुक्त विचारलाई हटाउने कोशिस गर्दैनन्। त्यसैले यिनीहरूलाई हीन विचारका व्यक्तिहरू भनिन्छ।

(२) आफूसँग क्लेशयुक्त विचार रहेको महशूस गर्न सक्छन् । त्यसैले यस्तो दूषित विचार हटाउने कोशिस गर्छन्। यस्ता व्यक्तिलाई श्रेष्ठ व्यक्ति भनिन्छ।

(३) आफूसंग क्लेशयुक्त विचार नभएपनि यस यथार्थतालाई महशूश गर्न सक्दैनन्। यस्ता व्यक्तिहरूले पछि आफूसँग क्लेशयुक्त विचार आउँदा यसलाई हटाउन सक्दैनन् । त्यसैले यिनीहरूलाई पनि हीन व्यक्ति नै भनिन्छ ।

(४) आफूसँग क्लेश युक्त विचार नभएको यथार्थतालाई महशूस गर्न सक्षम छन् । यिनीहरूले आफूसंग राग, द्वेष, मोह उत्पन्न भए यसलाई हटाउन कोशिस गर्छन् र हटाउन सफल पनि हुन्छन् । त्यसैले यिनीहरूलाई पनि श्रेष्ठ व्यक्ति नै भनिन्छ ।

काँसको थाललाई दिनहुँ माझ्दै टल्काइराखे जस्तै हामीले पनि आफ्नो चित्तलाई होश पूर्वक क्लेश हटाउँदै शुद्ध पार्न मेहनत गर्नुपर्दछ ।

क्लेशयुक्त व्यक्तिहरूको स्वभावहरू यस्ता हुन्छन्–

(१) आफ्नो दोष अरुले थाहा नपावस् भनी कामना गर्छन्।
(२) आफ्नो दोषलाई संघमा प्रकाश नगरोस्, एकान्तमा मात्र प्रकाश गरुन् भनी कामना गर्छन् ।
(३) दोषयुक्त व्यक्तिले मात्र मेरो दोष प्रकाश पारुन् भनी आशा गर्छन् ।
(४) मलाई सम्बोधन गरी धर्म देशना गरोस् भनी विचार गर्छन् ।
(५) भिक्षु संघ भिक्षाटनमा जाँदा आफू अगाडि रहने विचार गर्छन् ।
(६) अग्रदान मलाई प्राप्त होस् भन्ने इच्छा राख्दछ ।
(७) भोजन अनुमोदन मलाई गरावस् भनी विचार गर्दछ।
(८) विहारमा आउने भिक्षुहरूलाई मैले धर्मदेशना गर्नपावस् भन्ने इच्छा राख्दछ ।
(९) विहारमा आउने भिक्षुणीहरूलाई मैले धर्मदेशना गर्न पावस् भन्ने इच्छा राख्दछ ।
(१०) विहारमा आउने उपासकहरूलाई मैले धर्मदेशना गर्न पावस् भन्ने इच्छा राख्दछ ।
(११) विहारमा आउने उपासिकाहरूलाई मैले धर्मदेशना गर्न पावस् भन्ने इच्छा राख्दछ ।
(१२) भिक्षु, भिक्षुणी, उपासकोपासिकाहरूले मलाई मात्र आदर, गौरव, सत्कार, सम्मान र पूजा गरोस् भन्ने इच्छा राख्दछ ।
(१३) प्रणीत चीवर आफूलाई मात्र प्राप्त होस् भन्ने आशा राख्दछ ।
(१४) प्रणित पिण्डपात्र आफूलाई मात्र प्राप्त होस् भन्ने आशा गर्दछ ।
(१५) प्रणित सयनासन आफूलाई मात्र प्राप्त होस् भन्ने आशा गर्दछ ।
(१६) गिलान प्रत्यय आफूलाई मात्र प्राप्त होस् भन्ने आशा राख्दछ ।
(१७) भैषर्य लाभ, परिकार पनि आफूलाई मात्र प्राप्त होस् भनी आशा गर्दछ ।

भिक्षु सारीपुत्रले सम्बोधन गर्नुभएको परिषदमा यस्ता स्वभावमा भिक्षु भिक्षुणीहरू पनि भएको कारणले गर्दा नै उहाँले यस सूत्र देशना गर्नुभएको थियो । यस सूत्र देशनापछि थुप्रै भिक्षु भिक्षुणी लगायत उपासको पासिकाहरू स्रोतापन्न भएका थिए ।



Downloaded from http://www.dhamma.digital

## विषय- बुद्धकालीन भिक्षु आनन्द

*२०७१ श्रावण ३१ गते*

*प्रवचिका- श्रद्धेय इन्दावती गुरुमां ।*

*प्रस्तुती- मिनरवती तुलाधर*

यसदिन श्रद्धेय इन्दावती गुरुमांले भिक्षु आनन्द महास्थविरको विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो–

भिक्षु आनन्दको जन्म कपिलवस्तुमा सिद्धार्थ कुमार जन्मेकै दिनमा भएको थियो । उहाँ अमृतोदनको छोरो हुनुहुन्छ । आनन्द अनुप्रिय बनमा ६ जना शाक्य कुमार हरूसँगै प्रव्रजित हुनुभएको थियो । ती शाक्य कुमारहरूको नाम यसरी थियो–

आनन्द, भद्दिय, भग्गु, किम्बिल, अनुरुद्ध, देवदत्त ।

यिनीहरूसँगै उपाली नाम गरेको नाउ पनि प्रव्रजित भएको थियो ।

भगवान बुद्धलाई ५५ वर्षको उमेरमा नीजि सेवकको आवश्यकता भएको कारणले भिक्षु आनन्दले ८ वटा शर्त पुरा हुने भए आफू नीजि सेवक बन्न तयार रहेको कुरा बताउनु भएको थियो ।

ती शर्तहरू यसरी थिए–

१) भगवान् बुद्धलाई प्राप्त हुने खाना भगवान् बुद्धले भिक्षु आनन्दलाई नखुवाउने भए नीजि सेवक बन्न तयार ।

२) भगवान् बुद्धलाई प्राप्त हुने चीवर भिक्षु आनन्दलाई नदिने भए नीजि सेवक बन्न तयार ।

३) भगवान् बुद्ध सुत्ने गन्धुकुटीमा भिक्षु आनन्दलाई नसुताउने भए नीजि सेवक बन्न तयार ।

४) भगवान् बुद्धलाईमात्र विशेष गरी निमन्त्रणा गरिएको ठाउँमा भिक्षु आनन्दलाई उहाँसँग नलाने भए नीजि सेवक बन्न तयार ।

५) टाढा-टाढाबाट भगवान् बुद्ध दर्शन गर्नका लागि आउने भक्तहरूलाई भिक्षु आनन्दले जुनसुकै समयमा पनि भगवान् बुद्ध दर्शन गराउन लान पाउने भए नीजि सेवक बन्न तयार ।

६) कुनै पनि समयमा भिक्षु आनन्दको मनमा धर्म विषयमा अन्यौल हुँदा सोको समाधान गर्न जुनसुकै समयमा पनि भगवान बुद्ध समक्ष सोध्न पाउने सुविधा प्राप्त भए नीजि सेवक बन्न तयार ।

७) भगवान् बुद्धले भिक्षु आनन्द अनुपस्थिति रहेको स्थानहरूमा धर्मदेशना गर्नुभएको विषय बारे भिक्षु आनन्दलाई पुनः भगवान् बुद्धले धर्मदेशना गर्नुपर्नेछ । यस सुविधा प्राप्त हुने भए नीजि सेवक बन्न तयार ।

८) भिक्षु आनन्दले नीजि रुपमा स्वीकारीराखेको भोजन निमन्त्रणालाई भगवान् बुद्धले पनि स्वीकार्नु पर्ने हुन्छ । यदि यो सुविधा प्राप्त भए मात्र नीजि सेवक बन्न तयार ।

यस्तो आठवटा शर्तहरू स्वीकार भएपछि मात्र भिक्षु आनन्दले भगवान् बुद्धको नीजि सेवक बन्नुभएको थियो । यसरी नै भिक्षु आनन्दको विशेष गुण र योग्यतालाई हेरेर मात्र भगवान् बुद्धले उहाँलाई नीजि सेवक बनाउनु भएको थियो । भिक्षु आनन्दको विशेष योग्यता यसरी रहेका छन्–

बहुस्सुतो – विभिन्न विषयमा ज्ञानभएको विद्वान ।

सतिमतो – जागरुक र स्मृतिवान्

गतिमतो – गतिशील । धितिमतो – धैर्यवान्

उपटवान् – कर्त्तव्य परायण सेवक

## विषय- संयुक्त निकाय

*२०७१ भाद्र २२ गते, शनिवार*

*प्रवचक- श्रद्धेय भिक्षु शान्त मैत्री*

*प्रस्तुती- अमीर कुमारी शाक्य*

यसदिन श्रद्धेय भिक्षु शान्त मैत्रीले संयुक्त निकाय विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो–

“संयुक्त निकाय अन्तर्गतका चारवटा सूत्रहरू यसरी छन्– १) सणमान सुत्त २) निद्दातन्दी सुत्त ३) दुक्कर सुत्त ३) हिरी सुत्त

सणमान सुत्त – सुनसान स्थानमा आनन्द अनुभव भएको कुरा बुझाउँदैछ । मध्यान्ह समयमा जङ्गलमा सुनसान भई अलि डरलाग्दो वातावरण श्रृजना भएको हुन्छ । चराचुरुङ्गी समेत चुपलागेर बसिदिने समय भएको यस्तो समयमा मानिसहरू मात्र होइन देवताहरू समेत डराउने गर्छन् । किनभने देवताहरूको मनमा पनि क्लेश बाँकी रहेका हुन्छन् ।

तर यही समय निक्लेशी, शुद्ध, पवित्र आर्य पुद्गलहरूका लागि ध्यान भावना गर्नको लागि अनुकूल र आनन्द प्रदान गर्ने समय भइदिन्छ । त्यसैले भगवान् बुद्धले “यस सुनसान डरलाग्दो समयमा आनन्द प्राप्त हुन्छ” भन्नुभएको छ ।

निद्दातन्दी सुत्त (निन्द्रा र तन्द्रा त्याग) – निन्द्रा लाग्ने, निन्द्रा र तन्द्रा भइरहेको अवस्थामा अल्छी लागी



Downloaded from http://www.dhamma.digital

धेरै जसो हाई-हाई आउने गर्दछ, उकुस मुकुस भइरहने, खाना खाइसकेपछि आलस्य अनुभव भइरहनु आर्यमार्गका लागि प्रयासरत व्यक्तिहरूलाई बाधा र अड्चन भइदिन्छ। यस्ता अल्छिपना जस्ता बाधा अड्चनलाई त्याग्न सकेमा मात्र आर्यमार्गका लागि अगाडि बढ्न सकिनेछ।

दुक्कर सुत्त (संसार भय देखि डराउने) – श्रमण धर्म पालन गर्नु अति कठिन छ। मूर्खहरूका लागि सहने कार्य अति कठिन छ। मूर्ख व्यक्ति हतोत्साही भई उसले बाधा अड्चनहरू पन्छाउन असमर्थ हुनेछ । आफ्नो चित्तलाई वसमा राख्न नसक्ने व्यक्तिहरूले श्रमण धर्म पालन गर्ने अवस्थामा बढी भन्दा बढी आफ्नो इच्छाको वसमा परी खराव कार्यहरू गरिरहेका हुनेछन्। तिनीहरू पाइला पिच्छे फिसल्दै जाने गर्छन्।

तर इच्छालाई आफ्नो वसमा राख्न सक्ने व्यक्तिले, जसरी कछुवाले आफ्नो खोपडीभित्र लुकाइराख्छ, त्यसरी नै संसार भय देखेर डराएको व्यक्तिले आफ्नो मनमा भएका क्लेशहरू प्रकट नगरी दबाएर राखेको हुन्छ। उसले कसैलाई पनि निन्दा गर्दैन। कसैलाई पनि दुःख, कष्ट दिँदैन। निर्वाण मार्गतर्फ अगाडि बढ्ने कार्यमा मात्र लागि रहने गर्दछ।

हिरी सुत्त (पाप कार्य गर्न लाज मान्ने) – यस संसारमा पाप कार्य गर्न लाज मान्ने व्यक्तिहरू भन्दा निर्लज्जी मानिसहरू बढी देखिन्छन् । लाज नमान्ने व्यक्तिहरूले पाप कार्य गर्ने समयमा कसैले थाहा पाउने छैन, थाहा नै पाएपनि यसको फल भोग्नु पर्नेछ भन्ने सत्यतालाई विचार नै गरेको हुँदैन।

तर पाप कार्य गर्न लाज मान्ने व्यक्तिहरूले पाप कार्य गर्न त परै जावस् मनमा समेत त्यस कार्य गर्ने विचार उत्पन्न गरेको हुँदैन। उनीहरूले यस संसारमा मनको कुरा बुझ्न सक्ने व्यक्तिहरू पनि छन् भन्ने महशूस गरी आफ्नो मनमा समेत पाप चेतना ल्याउन खोज्दैन।

## विषय- भिक्षुणी सोणा र सोमा

*२०७१ आश्विन ११ गते*

*प्रवचन- श्रद्धेय भिक्षु अश्वघोष महास्थविर*

बुद्धकालिन समयमा पनि भिक्षु र भिक्षुणीहरूको जीवन सरल र सहज नभएको, दुःखी जीवन बिताइएको प्रमाण पनि बुद्धकालीन इतिहासले प्रष्टाइरहेको देखिन्छ। यसैको सिलसिलामा बुद्धकालिन घटनाहरू मध्ये केही यहाँ प्रस्तुत गर्न सान्दर्भिक देखिन्छ।

बुद्धकालिन समयमा सोणा नामक महिलाको दशजना छोराछोरी थिए। ती दशजना छोराछोरीहरूले एक्ली आमालाई हेरविचार पुऱ्याई कर्त्तव्यपरायण बन्न सकिरहेका थिएनन्। उनको श्रीमान् पहिला नै गृहत्यागी भिक्षु बनिसकेको थियो। उनीलाई हेरविचार गर्ने कोही नभएको कारणले उनी भिक्षुणी शासनमा प्रव्रजित हुन पुगिन्। तर भिक्षुणीहरूको समूहमा रहँदा पनि उनीले सुखमय जीवन बिताउनु सकिनन्। कुनै भिक्षुणीहरूले उनीलाई जिस्काउँदै भन्ने गर्थे–

"बच्चा जन्माउन मात्रै शिपालु रहिछन् यिनी। अरू केही गर्न जान्दिनन्। यहाँ त आरामपूर्वक बस्नको लागि मात्र आएकी होलिन्" आदि आदि। यसरी मन खिन्न पार्ने वचन सुन्दै जीवन बिताइरहेकी सोणालाई दुःखको आभाषले पछ्याइरह्यो। तर पनि उनीले आफ्नो जीवनमा हरेश मानिनन्। उत्पन्न नभएका अकुशल कार्यलाई उत्पन्न नै हुन नदिन, उत्पन्न भइसकेका अकुशल कार्यलाई फेरि दोहरिन नदिन होशियारी बनिन्। सकेसम्म आफूलाई र अरूलाई पनि भलो चिताई कार्य गर्ने मेहनत गर्दै रहिन्। आफूले गरिरहेका असल कार्यहरूलाई अझ सफल पार्दै लान मेहनत गरिन्। भिक्षुणीहरूले काम अऱ्हाएर गएका कार्यहरूलाई मन लगाई मेहनत र उत्साह पूर्वक पुरा गर्न थालिन्। उनीले कसैको पनि दोषलाई नियालिनन्। आफू यस संसारको जन्म मरण चक्रमा घुमिरहन परेको कारणले सम्पूर्ण दुःख भित्रिएको हो भनी बुझ्न थालिन्। फलस्वरुप उनीले आफूभित्र वैराग्यभावना जगाउन सफल हुँदै मनलाई अनित्य, दुःख र अनात्म रुपी संसारको त्रिलक्षण स्वभावलाई निरिक्षण गर्दै यथासिघ्र ऋद्धि सहित अर्हन्त भईन्। तर अन्य भिक्षुणीहरूले उनको उन्नतितर्फ ध्यान दिन सकिरहेको थिएनन्। जब एकदिन उनीहरूले पानी तताइराख्नु भनी आदेश दिएर गएको कार्यलाई भिक्षुणी सोणाले आफ्नो ऋद्धिबलद्वारा पानी तताइराखेको देखे, तब उनीहरू आश्चर्य चकित भई भिक्षुणी सोणासंग क्षमा माग्न पुगे।

*अर्को एक घटना–*

सोमा नाम गरेकी युवती भिक्षुणी आध्यात्मिक उन्नतिको लागि एक्लै जङ्गलमा ध्यान गरिरहेको आवस्थामा एक युवक आई उनीलाई यसरी भन्न थाले–

"एक्लै जङ्गलमा बसी ध्यान गर्दैमा ऋद्धि प्राप्त हुन्छ भनी आशा नगरे पनि हुन्छ। यस कार्य त ऋषि मुनिहरूले मात्र गर्न सक्ने कार्य हो। नारी जातीका तिमी



Downloaded from http://www.dhamma.digital

केवल दुई औलाको मात्र बुद्धि भएकी हुनाले त्यत्रो ठूलो ज्ञान प्राप्त गर्न असम्भव छ । त्यसैले वेकारमा यसरी दुःख पाइरहनु भन्दा त मसंग खुरुक्क हिंड । हामी दुवैले सुख पूर्वक जीवन बिताऔं ।

त्यस युवकको यस्तो निरर्थक कुरा सुनी भिक्षुणी सोणाले त्यस युवकलाई यसरी जवाफ दिइन्–

"तिमीले मलाई दुई औंलाको बुद्धि भएको नारी नसम्झ । समाधिद्वारा चित्तलाई आफ्नो अधिनमा राखी ज्ञान प्राप्त गरिसकेका व्यक्तिहरू नारी होस् या पुरुष, तिनीहरू बीच कुनै भेदभाव हुँदैन । धर्मले नारी र पुरुषमा कुनै प्रकारले भेदभाव गर्दैन ।" सोमाको यस जवाफ सुनी उक्त युवक निरुत्तर भई फर्के ।

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनको गतिविधि

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

२०७१ भाद्र १२ गते, विहिवार ज्यापु तुं लगनमा गुंला एक महिनासम्म श्रद्धेय भन्ते गुरुमांहरूबाट प्रवचन गर्नुभएको थियो । धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनका सदस्यहरू तिर्थमाया महर्जन, बसुन्धरा महर्जन र धर्म प्रेमीहरूको सहयोगबाट सम्पन्न उक्त धार्मिक कार्यक्रममा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनलाई निमन्त्रणागरी भजन सुनाउने काम पनि भएको थियो। एक धार्मिक कार्यक्रममा उहाँहरूबाट धर्मकीर्ति ज्ञानमाला भजनलाई सहयोगार्थ रु. ४०००/– प्रदान गर्नुभएको थियो ।

२०७१ भाद्र १४ गते, शनिवारका दिन धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनका सदस्यहरू श्रीमान्/श्रीमती राम महर्जनका बुबा भुयू महर्जनको पुण्य तिथिमा आफ्नो निवास छाउनीमा गुरुमांहरूबाट बुद्ध पूजा परित्राण पाठ गराउनुको साथै धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनलाई निमन्त्रणा गरी भजन श्रवण गराउनु भएको थियो ।

उहाँहरूलाई मायाको चिनोको रुपमा कोषाध्यक्ष श्याममान वज्राचार्यले चैत्य उपहार दिनुभएको थियो । साथै उहाँहरूबाट भजनलाई ३५००/– रकम चन्दा प्रदान गर्नुभएको थियो ।

२०७१ भाद्र १५ गते, आइतवार लाजिम्पाट निवासी निर्मला श्रेष्ठको श्रीमान् रामरत्न श्रेष्ठको ६ महिनाको पुण्य तिथिमा गुरुमांहरूबाट परित्राणपाठ गराउनु भएको थियो । यसरी नै धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनलाई निमन्त्रणा गरी भजन गराउनु भएको थियो । मायाको चिनोको रुपमा श्याममान बज्राचार्यले चैत्य उपहार दिनुभएको थियो। उहाँबाट पनि धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनलाई रु. ३०००/– रकम प्रदान गर्नुभएको थियो ।

२०७१ भाद्र १७ गते, मंगलवार मैत्रीवोधिसत्व विहार जमलमा कुसुम गुरुमांबाट बुद्ध पूजा गराउनु भई धर्मदेशना गर्नुभएको उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन प्रस्तुत भएको थियो। उक्तदिन जलपान दाता धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनको सदस्य हरिमान रञ्जितबाट रु. ३०००/– रकम भजनलाई चन्दा प्रदान गर्नुभएको थियो ।

## मेत्ता सेन्टर (मैत्री केन्द्र) बाल आश्रमको १४ औं वार्षिकोत्सव सम्पन्न

मेत्ता सेन्टर (मैत्री केन्द्र) बालआश्रमको १४ औं वार्षिकोत्सव समाजसेवी आनी छोइङ्ग डोल्माको प्रमुख आतिथ्यमा, माननीय सभासद श्री कञ्चनचन्द्र बादेज्यूको विशेष आतिथ्यमा, मैत्री केन्द्र बाल आश्रमका संरक्षक भिक्षु अश्वघोष महास्थविरज्यूको सभापतित्वमा गत २०७१ भाद्र २८ गते शनिवारका दिन बनेपा ध्यानकुटी मैत्री केन्द्र बाल आश्रममा सु-सम्पन्न भयो। प्रमुख अतिथि एवं विशेष अतिथिहरूबाट दीपप्रज्वलन गरी शुभारम्भ भएको सो सभामा उपस्थित महानुभावहरूलाई सभापति श्रद्धेय अश्वघोष महास्थविरज्यूबाट पञ्चशील प्रार्थना गराउनु भएको थियो। गायिका रमना श्रेष्ठको प्रमुखत्वमा मैत्रीकेन्द्रका बालिकाहरू स्वागत गीत गायन गर्दै स्वागत गर्नुभयो। अध्यक्ष भिक्षु धर्ममूर्ति महास्थविरज्यूले स्वागत भाषण गर्नु भएको उक्त सभामा सचिव भिक्षु राहुल महास्थविरज्यूले वार्षिक प्रगति प्रतिवेदन तथा आर्थिक प्रतिवेदन पेश गर्नुभयो। प्रमुख अतिथिज्यूले मन्तव्य व्यक्त गर्ने क्रममा मधुरस्वरले त्रीरत्नको गीत पनि गाउनु भयो । विशेष अतिथिहरूबाट पनि मन्तव्य व्यक्त गर्नुभएको थियो भने यस संस्थाका सहसचिव वीरेन्द्र श्रेष्ठबाट धन्यवाद ज्ञापन गर्नुभएको थियो। सभापतिज्यूको मन्तव्य पश्चात् सभा विसर्जन भयो । यस सभा मैत्रीकेन्द्रका सदस्य रञ्जितज्यूले सञ्चालन गर्नुभएको थियो । आजीवन भोजन प्रदान गर्ने दाताहरूलाई सम्मानपत्र पनि प्रदान गरिएको थियो भने उपस्थित सबैलाई चियापान पश्चात् सभा समापन भएको थियो ।



Downloaded from http://www.dhamma.digital

# रत्न मञ्जरी गुरुमांको आठौं पुण्य तिथि



दि. रत्नमञ्जरी गुरुमां

*२०७१ आश्विन २० गते, सोमवार*
*स्थान- धर्मकीर्ति विहार*

वरिष्ठ सहायक आचार्य (ध्यान गुरु) पुज्य रत्न मञ्जरी गुरुमां दिवंगत हुनुभएको आठ वर्ष पूरा भएको छ। गत आश्विन २० गते सोमवार उहाँको पुण्य स्मृतिमा धर्मकीर्ति विहार धम्महलमा भिक्षुणी गुरुमांहरूको तर्फबाट दिनभर महापरित्राण पाठ सम्पन्न गरी दान प्रदान गरिएको थियो । यस कार्यक्रममा धम्मवती गुरुमांले प्रवचन गर्नुभएको थियो ।

उक्तदिन धर्मकीर्ति पुलांपुचःबाट जलपानको व्यवस्था मिलाइएको थियो भने धर्मकीर्ति विहारबाट भोजनको व्यवस्था गरिएको थियो । महापरित्राण पाठ पश्चात् दिवंगत रत्नमञ्जरी गुरुमांको पुण्यस्मृतिमा मैत्रीपूर्वक पुण्यानुमोदन गरिएको थियो ।

उक्त महापरित्राण कार्यक्रममा पाठ गर्नुहुने भिक्षुणी गुरुमांहरूको नाम र महापरित्राणपाठको विवरण यसरी रहेको छ–

| क्रसं | परित्राण पाठ | पाठ गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| १ | सामूहिक पाठ | सबै |
| २ | सरणागमण देखि करणीय मेत्त सुत्त सम्म | पञ्ञावती र वीर्यवती |
| ३ | खन्ध सुत्त देखि धजग्ग सुत्त | कुसुम र प्रीतिवती |
| ४ | कस्सप सुत्त देखि महाचुन्द सुत्त | चन्द्रशीला र इन्दावती |
| ५ | गिरिमानन्द सुत्त देखि इसिगिली सुत्त | श्रद्धावती, चम्पावती र शीलगौतमी |
| ६ | धम्मचक्कप्पवत्तन सुत्त | चमेली र ञाणवती |
| ७ | महासमय सुत्त | सुमना र चन्दशील |
| ८ | आलवक र कसीभार द्वाज सुत्त | नन्दावती र वजीरा |



Downloaded from http://www.dhamma.digital



*रत्न मञ्जरी गुरुमांको आठौं पुण्य तिथिमा महापरित्राणमा धम्मवती गुरुमांबाट प्रवचन हुँदै*

| | | |
|---|---|---|
| ९ | पराभाव र वसल सुत्त | जयवती र रुपावती |
| १० | सच्चविभङ्ग सुत्त | अनुपमा र चित्तावती |
| ११ | आटानाटिय सुत्त (क) | शुभवती र सुमेधावती |
| १२ | आटानाटिय सुत्त (ख) | दानवती, त्यागवती, पुण्यवती र मेत्तावती |
| १३ | सामुहिक पाठ | सबै गुरुमांहरू |

# धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया ज्याङ्वः

*प्रस्तुती- प्रेम लक्ष्मी तुलाधर*

१) ने.सं. ११३४ ञलाथ्व षष्टी (२०७१-५-१५) या दिनस लाजिम्पातय् च्वनादीम्ह मय्जु निर्मला श्रेष्ठया ब्वनाय् ध.बौ.ज्ञा.भ. प्रस्तुत जूगु जुल । वयक:या जहान भाजु राम रत्न श्रेष्ठया खुलाया पुण्य तिथिसं गुरूमांपिं पाखें बुद्ध पूजा परित्राण याकाः भजन याकादीगु खः ।

वयक:यात कोषाध्यक्ष श्याममान वज्राचार्य पाखें लुमन्ति चिं कथं जपयाय्गु (शान्ति चैत्य) चैत्य लःल्हानादिल सा वयकः पाखे नं ध.ज्ञा.भ. यात ४०००।- चन्दा दां बियादीगु खः ।

२) ने.सं. ११३४ ञलाथ्व अष्टमी (२०७१-५-१०) कुन्हु मैत्रीवोधिसत्व विहार जमलय् केशावती गुरूमांपाखें बुद्ध पूजाया भ्वलय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन सम्पन्न जूगु जुल । जलपान दाता ध.बौ.ज्ञा.भ.या दुजः हरिमान रंञ्जित पाखें ३००।- दां भजनयात श्रद्धा चन्दा बियादीगु खः ।

३) ने.सं. ११३।- ञलागाः षष्टी (२०७१-६-११) या दिनस नयाँवानेश्वर च्वनादीम्ह रविन्द्र राजकर्णिकारया न्हुगु छेँय पूवंगु लसताय् वयकःया ब्वनाय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन सम्पन्न जूगु जुल । वयकःयात जप चैत्य लुमन्ति कथं श्याममान ब्रजाचार्यं लल्हानादिल वयकः पाखे नं ध.बौ.ज्ञा.भ. यात रू. ४०००।- तका चन्दा बियादीग खः ।

४) ने.सं. ११३४ कौलाथ्व अष्टमी कुन्हु (२०७१-६-१६) मैत्रीवोधि सत्व जमोबहालय् श्रद्धेय केशावती गुरूमां पाखें बुद्ध पूजा ज्याभ्वः न्ह्याकाबिज्याःगु खः । उगु ज्या-भ्वलय् ध.बौ.ज्ञान. भ. जूगु जुल । थुगु ज्याभ्वःया जलपानदाता हिरामाया श्रेष्ठ व शील शोभा तुलाधर पिं खः ।

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ यसरी सिद्धार्थ कुमारले उरूवेला (=बुद्धगया) मा बैशाख पूर्णिमाको राती तेस्रो पहरमा **बोधिज्ञान** प्राप्त गर्नु भएको थियो । त्यसबेला उहाँ ३५ वर्षको हुनुहुन्थ्यो ।

★ सिद्धार्थले जुन पिपलको रूखमुनि बोधिज्ञान लाभ गर्नु भएको थियो, त्यसलाई बोधिवृक्ष भनिन्छ ।

*साभार- बौद्ध दर्पण*



Downloaded from http://www.dhamma.digital

# धम्मपदको सुखवर्ग

*२०७१ भाद्र २८ गते, शनिवार*
*प्रवक्ता- देवकाजी शाक्य*
*प्रस्तुती- राजभाइ तुलाधर*

**आरोग्य परमा लाभा-सन्तुट्ठि परमं धनं**
**विस्सास परमा ञाति-निब्बानं परमं सुखं**

भगवान बुद्धद्वारा वर्णित यो गाथा २५ सय वर्ष अघि जति सान्दर्भिक थियो आज पनि उत्तिकै सान्दर्भिक छ। निरोगी भएर बाँच्न पाउनु नै सबैभन्दा ठूलो लाभ हो। भगवानले भन्नु भएको छ। शरीर र मन दुवै स्वस्थ रहे मात्र कुनै व्यक्तिले स्वहित र परहितको लागि काम गर्न सक्तछ। धर्म पनि गर्न सक्तछ। रोगी भइयो भने कुनै पनि राम्रो लाभदायी काम गर्न सक्तैन। त्यसैले आरोग्य नै सबैभन्दा ठूलो लाभ हो।

सन्तोष सबैभन्दा ठूलो धन हो। जतिसुकै धन सम्पत्ति भए पनि असन्तुष्ट व्यक्ति कहिल्यै सुखी रहन सक्तैन। यसको विपरीत सन्तुष्ट रहने व्यक्ति थोरै मात्र प्राप्त भए पनि प्रसन्न हुन्छ। भनिएको छ, आकासबाट हीरा मोतिको वर्षा नै भए पनि असन्तोषी व्यक्ति मैले अरुले भन्दा बढी लिन पाएन भनेर दुःखी नै हुन्छ। सन्तोषी हुनुको मतलब उन्नति प्रगतिको लागि मेहनत, प्रयत्न नगर्ने भन्ने होइन, धेरै लोभ नगर्ने हो।

विश्वास सबैभन्दा ठूलो आफन्त हो। बिना विश्वास कुनै पनि सम्बन्ध सुमधुर रहन सक्तैन। विश्वासको अभावमा संधै शङ्का रहिरहन्छ जसको कारण भय, त्रास आदि विभिन्न नकारात्मकताहरू उत्पन्न हुन्छन् र जीवन दौर्मनष्यपूर्ण हुन्छ। विश्वास भन्दैमा आँखा चिम्लेर सबै माथि विश्वास गर्नु उपयुक्त हुँदैन। विवेकपूर्ण, प्रज्ञायुक्त विश्वास हुनुपर्दछ।

भगवानले निर्वाणलाई परम सुख भन्नु भएको छ। सबै किसिमको तृष्णाबाट पूर्णतया मुक्त अवस्था नै निर्वाण हो जुन अवस्था हामीले प्राप्त गर्न सकेका छैनौं। तर भगवानको वचनलाई विश्वास नगर्ने कुनै कारण छैन, त्यसैले निर्वाणको लागि निरन्तर प्रयत्नशील रहनु पर्दछ।

**जिघच्छा परमा रोगा-सङ्खारा परमा दुःखा**
**एत ञत्वा यथाभूतं-निब्बानं परमं सुखं**

भोक सबभन्दा ठूलो रोग हो। अरु रोग एक चोटी निको भएपछि त्यसको लागि फेरि औषधि गर्नु पर्दैन। तर भोक मेटाउन त दिनका दिनै खानाको प्रबन्ध गरिरहनु पर्छ। भोकाएको व्यक्तिले कुनै कुरामा राम्ररी ध्यान दिन सक्तैन। गाई हराएर खोज्दा खोज्दै एकदमै थाकेर भोकाएको एकजना किसान संयोगवस भगवानको धर्म सभामा पुगेछन्। उसंग धर्म बुझ्नसक्ने क्षमता थियो। तर भगवानले तुरुन्तै धर्म उपदेश दिनु भएन, पहिला खानाको प्रबन्ध गरिदिन सभालाई भन्नुभयो।

संस्कार परम दुःख किन हो भने जबसम्म संस्कार अर्थात् पाप पुण्यको संचिति भइरहन्छ तबसम्म भवचक्रबाट छुटकारा प्राप्त हुँदैन र बारम्बार दुःखपूर्ण जीवन प्राप्त भइरहन्छ।

जिघच्छा परम रोग हो, सङ्खार परम दुःख हो भन्ने कुरा राम्ररी जानेर विद्वतजनहरू यसबाट मुक्त परम सुख निर्वाण प्राप्त गर्दछन्।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



**दिवंगत- हरीदेवी शिल्पकार**
*जन्मः १९८१ भाद्र ५ – दिवंगतः २०७१ आश्विन ९*

“मां बौ धयापिं न्ह्याबलें दयाच्वनी नं मखु फयाच्वनी नं मखु” धकाः धयादीम्ह हरीदेवी शिल्पकार (मल्जु) दिवंगत जुयादिल। अनन्त गुणं सम्पन्नम्ह वयकःयात सद्गति प्राप्त ज्वीमा, याकन हे निर्वाण प्राप्त ज्वीमा धकाः विचाः हाय्काः पुण्यानुमोदन यानाच्वना।

**तेजलक्ष्मी राजकर्णिकार**
**रमा लक्ष्मी कारञ्जीत**



Downloaded from http://www.dhamma.digital

# भिक्षुणी डा. धम्मविजया गुरुमां अभिनन्दित



*धम्मवती गुरुमांले डा. धम्मविजया गुरुमांलाई अभिनन्दनपत्र प्रदान गर्नुहुँदै*

*२०७१ कार्तिक ३ गते, सोमवार*
*स्थान- रसियन कल्चर सेन्टर, कमलपोखरी*

निर्वाणमूर्ति विहार, किम्डोलकी प्रमुख भिक्षुणी डा. धम्मविजया गुरुमांद्वारा बुद्ध शिक्षा प्रचार प्रसार कार्यमा पुऱ्याउनु भएको योगदानलाई कदर गर्दै म्यानमार सरकारबाट "गन्थवाचक पण्डित" उपाधिबाट विभूषित गरिएको सुखद् उपलक्ष्यमा विहारका सम्पूर्ण उपासको पासिकाहरूको तर्फबाट अभिनन्दन समारोह आयोजना गरिएको थियो। उक्त कार्यक्रम संघनायक भिक्षु अश्वघोष महास्थविरको सभापतित्वमा, माननिय उपप्रधानमन्त्री, संघिय मामिला तथा स्थानिय विकास मन्त्री प्रकाशमान सिंहज्यूको प्रमुख आतिथ्यमा सञ्चालन गरिएको थियो। कार्यक्रम धर्मकीर्ति संरक्षण कोषकी सचिव प्रफुल्लकमल ताम्राकारले सञ्चालन गर्नुभएको थियो।

निर्वाणमूर्ति विहारका महासचिव अमृतमान ताम्राकारले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा भिक्षुणी धम्मवती गुरुमांले आफ्नी शिष्या भिक्षुणी डा. धम्मविजयालाई आशिर्वचन व्यक्त गर्नुभएको थियो। यसरी नै उक्त कार्यक्रममा धम्मविजया गुरुमां, प्रमुख अतिथी प्रकाशमान सिंह, मोलिनी गुरुमां आदिले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए।

कार्यक्रममा मन्त्री प्रकाशमान सिंहले डा. धम्मविजया गुरुमांलाई अभिनन्दनपत्र चढाउनु भएको थियो भने धम्मवती गुरुमांले धर्मकीर्ति संरक्षण कोषको तर्फबाट अभिनन्दनपत्र प्रदान गर्नुभएको थियो। यसरी नै शाक्यधिता नेपालको तर्फबाट उक्त संस्थाका अध्यक्ष मेत्तावती गुरुमांले धम्मविजया गुरुमांलाई अभिनन्दनपत्र चढाउनु भएको थियो।

त्यसपछि कार्यक्रममा पाल्नुभएका प्रमुख अतिथि लगायत कूटनीति नियोगका पदाधिकारीहरूलाई धम्मवती गुरुमांले सम्झनाको चिनो स्वरुप धर्म उपहार प्रदान गर्नुभएको थियो।



Downloaded from http://www.dhamma.digital



*धम्मवती गुरुमांले आशिर्वचन दिनुहुँदै*

कार्यक्रममा डा. धम्मविजया अभिनन्दन स्मारिकाको सामूहिक विमोचन गरिएको थियो ।

कार्यक्रमको अन्त्यमा पूर्णरत्न बज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने संघनायक भिक्षु अश्वघोष महास्थविरले सभापतिको आसनबाट आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै सभा समापन गर्नुभएको थियो ।

कार्यक्रममा म्यानमारका राजदूतावासबाट प्रथम सेक्रेटरीले म्यानमार राजदूतको मन्तव्य पढेर सुनाउनु भएको थियो । उक्त कार्यक्रममा रसियन राजदूत, लगायत श्रीलंका राजदूतका प्रतिनिधि पनि उपस्थित हुनुभएको थियो ।

कार्यक्रमको अन्त्यमा दाता द्रव्यमानसिंहले भन्ते, गुरुमांहरूलाई संघदान गर्नुभएको थियो ।

# २२७६ औं शस्त्र परित्याग दिवस सम्पन्न

*२०७१ आश्विन १७ गते, शुक्रवार*

सम्राट अशोकले शस्त्र परित्याग गर्नुभएको दिनको गुणानुस्मरण गरी विभिन्न स्थानहरूमा २२६७ औं "शस्त्र परित्याग दिवस समारोह" मनाइएको समाचार प्राप्त भएको छ ।

बुद्ध विहार, खोपासी– बुद्ध विहार (बाल हर्ष कीर्ति विहार) संरक्षण समिति, खोपासी तथा थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको संयुक्त आयोजनामा बुद्ध विहार खोपासीमा २२७६ औं शस्त्र परित्याग दिवस मनाइएको थियो ।

श्री गणेशदास उलकको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा भिक्षु मुनिले पञ्चशील प्रार्थना गराउनु भएको थियो । श्री जगन्नाथ उलकले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा भिक्षु रेवत कीर्तिले सम्राट अशोक आफ्नै भतिजा जुन वाल्यकालमा श्रामणेर भएका थिए, उहाँबाट बुद्ध शिक्षा सिकी कसरी धर्म कार्यमा संलग्न भए भन्ने विषयमा प्रकाश पार्नुहुँदै धर्मदेशना गर्नुभएको थियो ।

यसरी नै मन्तव्य व्यक्त गर्ने क्रममा आशारत्न तण्डुकार, बखतबहादुर चित्रकार, डा. सानुभाई डंगोल, डा. श्री अनुप श्रेष्ठाचार्य, डा. लक्ष्मण शाक्य, संघरत्न शाक्य, कार्यक्रम सञ्चालक हरिशङ्कर मानन्धर आदिले शस्त्र परित्याग दिवसको महत्व वारे प्रकाश पार्नु भएका थिए । अन्त्यमा कार्यक्रममा सभापतिले आफ्नो मन्तव्य प्रस्तुत गर्नुहुँदै उपस्थित सबैलाई धन्यवाद ज्ञापन गरी सभा समापन गर्नुभएको थियो । कार्यक्रमको समापन पश्चात् भिक्षु रेवतकीर्तिले पुण्यानुमोदन गर्नुभएको थियो ।

*नगदेश बौद्ध समूह, थिमी –*

नगदेश बौद्ध समूहको आयोजनामा २२७६ औं शस्त्र परित्याग दिवस सम्पन्न गरिएको समाचार छ । प्राप्त समाचार अनुसार राजकृष्ण बाडेले स्वागत मन्तव्य दिनुभएको उक्त कार्यक्रम दीपकराज सांपालको सभापतित्वमा सञ्चालन गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

समूहका सचिव कृष्णकुमार प्रजापतिले आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा सम्राट अशोकले कलिङ्ग युद्धबाट आफू गलत बाटोमा लागिरहेको विषयलाई महशूस गरी शस्त्र परित्याग गरी राज्याभिषेक पश्चात् २८ वर्षको राज्य शासनिक कार्य विशुद्ध आध्यात्मिक एवं धार्मिक तवरले गर्नुभएको संस्मरणमा "२२७६ औं शस्त्र परित्याग दिवस" मनाइएको विषयलाई प्रष्टाउनु भएको थियो । त्यतिमात्र होइन ५८ वर्ष अगाडि अर्थात् ई.सं. १९५६ अक्टोवर १४, महान विजया दशमीको दिन मित्रराष्ट्र भारतका ऐतिहासिक थलो महाराष्ट्रको नागपुरमा श्रद्धेय भिक्षु चन्द्रमणी महास्थविरले गराउनु भएको पञ्चशीललाई पालन गर्नुभएका बाबा साहेब डा. भीमराव अम्बेडकर लगायत दशौं लाख दलित एवं अछुत वर्गका मानिसहरू बुद्ध अनुयायी बनेको विषयमा बिश्लेषण गर्नुभएको थियो ।

यसरी नै २२७६ औं शस्त्र परित्याग दिवसको उपलक्ष्यमा बौद्ध ल्याय्म्ह पुचः नगदेशको आयोजना एवं विविध धार्मिक समाजिक संघ संस्थाको सहयोगमा मध्यपुर थिमी नगर व्यापी "बलि हिंसा नगरौं, विन्ति" भन्ने शान्ति ऱ्याली कार्यक्रम सम्पन्न गरिएको समाचार छ ।

## एकदिने ध्यान शिविर

*२०७१ भाद्र २८ गते, शनिवार*

*स्थान- रत्न विपश्यना ध्यान केन्द्र*

शाक्यधिता नेपाल, धर्मकीर्ति विहारको आयोजनामा भाद्र २८ गते शनिवार एकदिने ध्यान शिविर आयोजना गरिएको थियो । रत्न विपश्यना ध्यान केन्द्रमा ध्यान गुरु उ सुजन पियको निर्देशनमा सञ्चालित उक्त ध्यान शिविर मा पुरुष योगीहरू ५ जवान र महिला योगीहरू १७ जवानले भाग लिएका थिए ।

कार्यक्रममा ध्यानगुरु सयादो उ सुजनपियले ध्यानको महत्व विषयमा प्रवचन दिनुभएको थियो । यस कार्यक्रमको संयोजिका इन्दावती गुरुमां हुनुहुन्थ्यो ।

## नरः बुद्ध विहार हाँडीगाउँमा धर्मदेशना र ध्यान अभ्यास

*प्रस्तोता- श्यामलाल चित्रकार*

यस विहारमा हरेक महिनाको पहिलो शनिश्चर वार विहान धर्मदेशना कार्यक्रम हुँदै आएकोमा यही २०७१ आश्विन ४ गतेका दिन विश्व शान्ति विहारका श्रद्धेय भिक्षु बोधिज्ञान भन्तेले बुद्ध पूजा पछि धर्मदेशना गर्न हुनका साथै विहारमा उपस्थित उपासक उपासिकाहरूलाई ध्यानको अभ्यास पनि गराउनु भयो । उहाँ भन्तेले धर्मदेशना गर्ने क्रममा भन्नुभयो– "हाम्रो दुःख निर्मूल गर्ने एउटै मात्र बाटो भगवान् बुद्धे यसरी बताउनु भएको छ,

**एकायनो अयं भिक्खवे मग्गो सत्तानं विसुद्धिया,**
**सोकपरिदेवानं समतिक्कमाय, दुक्खदोमनस्सानं**
**अत्थङ्गमाय, ञायस्स अधिगमाय, निब्बानस्स**
**सच्छिकिरियाय, यदिदं चत्तारो सतिपट्ठाना ।**

*भावार्थ*– हे भिक्षुहरू, प्राणीहरूको चित्त मयललाई शुद्ध गर्न, शोक र छटिपटीलाई दबाउन, शारीरिक र मानसिक दुःखहरूलाई हटाउन, आर्यअष्टाङ्गिक मार्गलाई अनुसरण गर्न र निर्वाणलाई साक्षात्कार गर्न चारवटा स्मृति प्रस्थान ध्यान भावना गर्नु नै एक मात्र मार्ग हो ।"

आफूले आफूलाई चिन्न चित्तलाई एकाग्र गर्न जरुरी हुन्छ । चित्तलाई एकाग्र गर्न ४० प्रकारका समथ ध्यान मध्ये आनापानासति एउटा हो । ध्यान भावना गर्न ठीक आसन बनाई बस्ने र श्वास भित्र बाहिर गर्दा पेट फुलेको र सुकेकोमा मात्र मन लगाउने भनी भन्तेले ध्यान अभ्यास गराउनुभयो । अन्तमा उपासक श्री श्यामलाल चित्रकारले उपस्थित सबै लाभान्वित भएकोले श्रद्धेय भन्तेलाई कृतज्ञता चढाउनु भयो ।

## दान गरेको आँखाको सफल प्रत्यारोपण

मध्यपुर थिमि नगर स्थित बहाःननी टोल निवासी नगदेश बुद्ध विहारका उपासिका रत्नमाया बाडेको देहावसान भए पश्चात् परिवारजनको सहमतिमा तिलगङ्गा आँखा प्रतिष्ठानका सहृदयी कल्याणमित्र चिकित्सकको सहयोगमा निवास स्थानमै दुवै आँखा दान गरियो । सो दान गरेको आँखा मध्ये एउटा आँखा काठमाडौं निवासी ३२ वर्षीय पाण्डे थरका युवकलाई सफल प्रत्यारोपण गरियो भने अर्को आँखा धादिङ्गवेसी निवासी ३७ वर्षीय गुरुङ्ग थरकी महिलालाई सफल प्रत्यारोपण गरेको बुझिन आएको छ । उक्त पुण्यमयी दान उपपारमिता कार्यको पुण्यानुभावद्वारा मृतक उपासिका रत्न माया बाडेको सद्गति र निर्वाण कामना गरिएको छ ।



Downloaded from http://www.dhamma.digital

# जयमङ्गल परियत्ति केन्द्रको सातौं परियत्ति पुरस्कार वितरण तथा सम्मान कार्यक्रम सम्पन्न



*दाता मोतिलाल/कृष्णलक्ष्मी शिल्पकारलाई सम्मान गर्नुहुँदै अनुपमा गुरुमां*

जयमङ्गल विहार चंकीमा पञ्ञारतन स्थविरको सभापतित्व एवं नेपाल बौद्ध परियत्ति केन्द्रका केन्द्राध्यक्ष भिक्षु बोधिज्ञान महास्थविरको विशेष आतिथ्य एवं उद्योगपति मोतिलाल शिल्पकारको प्रमुख आतिथ्यमा जयमङ्गल परियत्ति केन्द्रको ७ औं परियत्ति पुरस्कार वितरण तथा सम्मान कार्यक्रम सम्पन्न भएको समाचार प्राप्त भएको छ ।

विसन्तर शाक्यले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा परियत्ति कक्षा १,२ र ३ मा उत्तिर्ण हुन सफल विद्यार्थीहरूलाई सभापति, विशेष अतिथि एवं प्रमुख अतिथि आदिले पुरस्कार प्रदान गर्नुभएका थिए ।

कार्यक्रममा जयमङ्गल विहारमा दुईवटा कोठाहरू निर्माण गरिदिनुभएका दाता मोतिलाल, कृष्णलक्ष्मी शिल्पकारलाई विहार प्रमुख अनुपमा गुरुमांले सम्मान गर्नुभएको थियो ।

यसरी नै ललितपुर जिल्लाब्यापी बुद्ध र बुद्ध धर्म सम्बन्धी ४२ औं हाजिर जवाफ प्रतियोगितामा प्रथम हुन सफल भएका रोजी वज्राचार्य, मल्लिका वज्राचार्य र रुज्वल वज्राचार्य एवं प्रशिक्षक विसन्तर शाक्य आदिलाई अमरावती, धम्मचारी तथा अनुपमा गुरुमांहरूले सम्मान तथा पुरस्कार प्रदान गर्नुभएका थिए ।

अनुष्मा गुरुमांले स्वागत मन्तव्य र अनुपमा गुरुमांले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी रहनु भएका थिए–

विशिष्ट अतिथि केन्द्राध्यक्ष भिक्षु बोधिज्ञान महास्थविर, सभापती सहकेन्द्राध्यक्ष भिक्षु पञ्ञारतन, तःजः मिसा पुचःका पूर्वअध्यक्ष सर्वाणा वज्राचार्य, प्रमुख अतिथि मोतिलाल शिल्पकार, युवक बौद्ध मण्डलका पूर्वअध्यक्ष सुरेन्द्र शाक्य र नेक्खमी गुरुमां आदि। पुरस्कार वितरण कार्यक्रम मुस्कान श्रेष्ठ र मञ्जु नगरकोटीले सञ्चालन गर्नुभएका थिए ।

मुद्रक: न्यू नेपाल प्रेस *प्रधान कार्यालय:* १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com
*सम्पर्क कार्यालय:* शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



धर्मकीर्ति कम्युनिटी हेल्थ क्लिनिक निर्माणको लागि भारतिय सरकारबाट प्रदान गरिने अनुदान सम्झौतापत्रमा हस्ताक्षर गर्नुहुँदै धम्मवती गुरुमां

वर्ष-३२; अङ्क-७ बु.सं. २५५८, सकिमना पुन्हि

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार संरक्षण कोषको ११ औं साधारण सभा सम्पन्न

प्रस्तुती- **डा. रीना तुलाधर (बनिया)**

गत वि.सं. २०७१ आश्विन २५ गते, शनिवारका दिन धर्मकीर्ति विहारमा अध्यक्ष धम्मवती गुरुमांको सभापतित्वमा धर्मकीर्ति विहार संरक्षण कोषको ११ औं साधारण सभा सम्पन्न भयो ।

बौद्ध चरित्रअनुसार धम्मवती गुरुमांबाट शील प्रार्थना गराउनु भई शुरु गरिएको सभामा उपाध्यक्ष द्रब्यमानसिं तुलाधरको प्रतिनिधित्वमा रीना तुलाधरले स्वागत मन्तब्यबाट स्वागत गर्नुभयो ।

वार्षिक साधारण सभामा प्रतिवेदन पेशको क्रममा सचिव मीना तुलाधरले सचिव रिपोर्ट पेश गर्नुभयो । सह-कोषाध्यक्ष अजयरत्न स्थापितबाट आर्थिक प्रतिवेदन पेश गर्नुभयो ।

धर्मकीर्ति विहारका विभिन्न एकाइको प्रतिवेदन पेश गर्ने क्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक प्रतिवेदन सचिव लोचनतारा तुलाधरले पेश गर्नुभयो । धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनको वार्षिक प्रतिवेदन सचिव प्रेमलक्ष्मी तुलाधरले पेश गर्नुभयो । धर्मकीर्ति स्वास्थ्य कमिटिको वार्षिक प्रतिवेदन संयोजक रोशनकाजी तुलाधरले पेश गर्नुभयो । धर्मकीर्ति पब्लिक इमेजको वार्षिक प्रतिवेदन संयोजक पञ्ञावती गुरुमांले पेश गर्नुभयो । धर्मकीर्ति शिक्षा सदनको वार्षिक प्रतिवेदन प्रिन्सिपल कीर्ति तुलाधरले पेश गर्नुभयो । बुद्धपूजा कमिटीबाट संयोजक धनबहादुर नकर्मीको प्रतिनिधित्व गरी इन्द्रकुमार नकर्मीले प्रतिवेदन पेश गर्नुभयो ।

धर्मकीर्ति विहारका शाखा विहारहरूको प्रतिवेदन पेश गर्ने क्रमममा पद्मकीर्ति विहारको प्रतिवेदन प्रतिनिधिको रुपमा मदनरत्न मानन्धरले पेश गर्नुभयो । किम्डोल निर्वाणमूर्तिको वार्षिक प्रतिवेदन प्रतिनिधिको रुपमा अगम्यरत्न कंसाकारले पेश गर्नुभयो ।

यस ११ औं वार्षिक साधारण सभामा धर्मकीर्ति विहार संरक्षण कोषको कार्य समितिको पदाधिकारी तथा कार्यकारिणी सदस्य हेरफेर गरी पुनर्गठन गर्ने कार्य पनि सम्पन्न भयो । नवगठित कार्य समितिमा धम्मानुशासक भिक्षु अश्वघोष महास्थविर रहनुभयो । अध्यक्ष भिक्षुणी धम्मवती रहनुभयो । उपाध्यक्ष द्वयमा चमेली गुरुमां र द्रब्यमान सिं तुलाधर रहनुभयो । सचिव पदमा प्रफुल्ल कमल ताम्राकार, सहसचिव पदमा रमा कंसाकार, कोषाध्यक्ष पदमा अजयरत्न स्थापित, सहकोषाध्यक्ष पदमा अरुण सिद्धि तुलाधर रहनुभयो । कार्यकारिणी सदस्यमा मदनरत्न मानन्धर, अगम्यरत्न कंसाकार, मोतिकाजी शाक्य, हेराकाजी शाक्य, मीना तुलाधर, उद्योगरत्न तुलाधर, कीर्ति तुलाधर र नवीन चित्रकार रहनुभयो ।

कार्यक्रमको अन्त्यमा उपाध्यक्ष चमेली गुरुमांबाट नवगठित पदाधिकारी तथा कार्यकारिणी सदस्यहरूलाई बधाई दिनुका साथै वार्षिक साधारण सभामा उपस्थित सबै आजीवन सदस्यहरूलाई धन्यवाद दिँदै धन्यवाद ज्ञापन मन्तब्य दिनुभयो ।

# धर्मकीर्ति स्वास्थ्य क्लिनिकको लागि भारत सरकारको अनुदान

*२०७१ आश्विन ८ गते । स्थान- किम्डोल, स्वयम्भू*

सन् १९९८ मा स्थापना गरिएको धर्मकीर्ति स्वास्थ्य क्लिनिकले स्थानिय समुदायका सदस्यहरू लगायत भिक्षु भिक्षुणीहरूलाई स्वास्थ्य सेवा पुऱ्याउँदै आइरहेको थियो । यस क्लिनिकको सेवामूलक कार्यक्षेत्रलाई अझ फराकिलो पार्नको लागि र आवश्यक पूर्वाधारको व्यवस्था मिलाउनको लागि स्वयम्भूस्थित किम्डोलमा धर्मकीर्ति कम्युनिटी हेल्थ क्लिनिक निर्माण गरिने भएको छ। उक्त कार्यको लागि भारतीय सरकारको तर्फबाट ४ करोड ७६ लाख रुपैयाँ (अतिरिक्त भ्याट सहित) अनुदान प्रदान गरिएको छ ।

यही सिलसिलामा गत आश्विन ८ गते बुद्धवार किम्डोलमा धर्मकीर्ति विहारकी प्रमुख धम्मवती गुरुमां, भारतीय राजदूतावासका प्रथम सचिव मदनसिं भण्डारी लगायत शहरी विकास विभागका डिभिजन प्रमुख, बुद्धिसागर थापा बीच सम्झौता स्वरुप हस्ताक्षर सम्पन्न भएको थियो ।

भिक्षु भिक्षुणीहरू लगायत सर्व साधारण वर्गको लागि पनि स्वास्थ्य सेवा सञ्चालन गर्ने लक्ष्य राखिएको उक्त क्लिनिकमा ओ.पि.डि., एक्स-रे, अल्ट्रा साउण्ड, इ.सि.जि. र प्याथोलोजी ल्याब समेतको सुबिधा उपलब्ध गरिने जानकारी पनि प्राप्त भएको छ ।

(front Cover Inside)

Downloaded from http://www.dhamma.digital